सहकारी नीतिलाई समसामयिक तुल्याउनुपर्ने | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक ४८ • २०८१ साल असार २२ गते शनिबार (6 July, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## गुठी तथा सार्वजनिक जग्गा अतिक्रमण अध्ययन गर्न समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । गृहमन्त्री रवि लामिछानेले जनकपुरधाममा ९ हजारभन्दा बढी जग्गा अतिक्रमण भएको भन्दै सोको छानबिन गर्नुपर्ने मागलाई दृष्टिगत गरी सरकारले छानबिन समिति गठन गरेको छ।

संघीय सरकारले जनकपुरधामको गुठी तथा सार्वजनिक जग्गा अतिक्रमणबारे अध्ययन गर्न पूर्वसचिव रामप्रसाद थपलियाको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति गठन गर्ने निर्णय गरेको छ।

शुक्रबारको मन्त्रिपरिषद् बैठकबाट थपलियाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ।

सो समितिले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अन्तर्गतको जग्गा र सम्पत्ति संरक्षण गरी पुरानै अवस्थामा फिर्ता ल्याउनेबारे अध्ययन थाल्ने जनाइएको छ।

जनकपुरधाम क्षेत्रको करिब ९ हजार बिघा जग्गा अतिक्रमण भएको भनी गृहमन्त्री लामिछानेले त्यसबारे छानबिन गर्ने बताएका थिए । गृह मन्त्रालयको प्रस्तावमा सरकारले समिति गठन गरेको छ।

जनकपुरधामको अधिकांश जग्गा जमिन नै गुठीको नै रहेको छ।

मठ मन्दिर, कुटी, प्रशासनिक निकाय, आवासीय क्षेत्रलगायत गुठीकै जग्गामा रहेको छ। यस्तो अवस्थामा ९ हजार विघा जग्गा जमिन खोजविन गर्न आफैमा चुनौती रहेको छ।

९ हजार जग्गा धनुषा र महोत्तरीमा समेत पर्ने भएकोले सोको अध्ययन तथा छानबिन निकै पेचिलो हुने देखिन्छ।

त्यस्तै सरकारले शिक्षा मन्त्रालयको प्रस्तावमा नेपाल संस्कृत विश्वविद्यालयको जग्गाबारे अध्ययन गर्न पूर्वन्यायाधीश शेखरप्रसाद पौडेलको संयोजकत्वमा अर्को समितिसमेत गठन गरेको छ । सो समितिले नेपाल संस्कृत विश्वविद्यालयको जग्गा र सम्पत्तिको छानबिन, लगत संकलन गरी उपयोग, व्यवस्थापन लगायतका विषयमा प्रतिवेदन पेस गर्ने जनाएको छ।

त्यसैगरी मन्त्रिपरिषद् बैठकले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी पाँच वर्षे राष्ट्रिय रणनीति पनि स्वीकृत गरेको छ।

मिटरब्याज सम्बन्धी समस्या समाधानका लागि गठन भएको जाँचबुझ आयोगको म्याद आगामी १५ असोजसम्मका लागि थप गरेको छ।

मन्त्रिपरिषद्ले सहन्यायाधीवक्ता रामकुमार थापालाई भने वैदेशिक रोजगार न्यायाधीकरणको सदस्यमा चयन गरेको छ।

## मुख्यमन्त्री सिंहले आज विश्वासको मत लिने

### कांग्रेस र लोसपामा अन्योलता, जसपा नेपाल विपक्षमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले शनिबार विश्वासको मत लिने भएका छन् ।

उनको पक्षमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, संघीय समाजवादी फोरमलगायतका साना दलले विश्वासको पक्षमा मतदान गर्ने भएका छन् । भने सोको विपक्षमा नेपाली कांग्रेस, जसपा नेपाललगायतका दलले मतदान गर्ने जनाएको छ।

केन्द्रमा सत्ता समीकरण फेरबदल भएसँगै मधेश प्रदेशमा समेत सोको असर पर्ने देखिए पनि अहिलेसम्म कांग्रेस- एमाले बीचको समीकरण सन्दर्भमा मधेश प्रदेशमा अन्योलता देखिएको छ।

एमाले र माओवादी केन्द्रसहितको गठबन्धनको समर्थनमा जनमत पार्टी नेतृत्वको सरकारले पहिलो पटक विश्वासको मत लिन लागेको छ। एमाले र माओवादीसहित ६ दलको समर्थनमा २०८१ जेठ २५ गते मुख्यमन्त्रीमा सतीशकुमार सिंहलाई नियुक्त गरेको थियो।

मुख्यमन्त्री सिंहले विश्वासको मत लिने क्रमसंगै केन्द्रीय राजनीतिमा सत्ता समीरणसंगै कांग्रेस-एमालेको नयाँ गठबन्धन भएपछि पनि माओवादी र एमालेले उनलाई विश्वासको मत दिने निर्णय सार्वजनिक भएसंगै कांग्रेस, लोसपालगायतका दलहरुमा अन्योलता उत्पन्न भएको छ।



नेपाली कांग्रेस मधेश प्रदेशले प्रदेशमा कांग्रेस ठूलो दल रहेकाले प्रदेश सरकारको नेतृत्व आफूहरुले पाउनुपर्ने दाबी समेत गर्न थालेका छन् ।

यसका लागि केन्द्रमा पहल गर्ने जनाउँदै अहिलेको प्रदेश सरकारलाई समर्थन गर्न नसकिने कांग्रेस मधेश प्रदेशका संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झाले बताए।

कांग्रेसका प्रदेश सभापति समेत रहेका संसदीय दलका नेता कृष्णकुमार यादवलाई नै प्रदेश सरकारबारे निर्णय गर्न सम्पूर्ण अधिकार बैठकबाट दिइएको उनले बताए।

प्रमुख सचेतक झाले मुख्यमन्त्री सिंहलाई माओवादी र नेकपा एसले समेत समर्थन गरेको हुनाले कांग्रेसले सिंहको सरकारलाई समर्थन गर्न नसक्ने स्पष्ट पारे।

तर नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले भने मुख्यमन्त्री सिंहलाई आफूहरुले समर्थन गर्ने जनाएका छन्।

एमालेले केन्द्रमा कांग्रेससंग गठबन्धन बनाएर अघि बढे पनि प्रदेशमा भने एमालेले सरकारलाई मत दिनु अनुचित रहेको प्रमुख सचेतक झाको भनाइ छ । कांग्रेस-एमाले बीचको भएको समीकरण बारेमा केन्द्रबाट प्रस्टता नआएका कारण पनि एमाले र कांग्रेस बीच द्विविधाको अवस्था रहेको उनले बताए।

जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादवले जसपाले विपक्षमै मतदान गर्ने बताए। उनले जनमत पार्टीलाई कुनै पनि हालतमा विश्वासको मत दिन नसक्ने हुनाले आफूहरु मुख्यमन्त्री सिंहको विपक्षमा नै मतदान गर्ने बताए।

तर प्रदेश सरकारको विपक्षमा रहेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल भने अझैसम्म अन्योलमै छ। मुख्यमन्त्री सिंहलाई समर्थन गर्ने वा नगर्ने भन्ने केन्द्रबाट निर्देशन नआउँदासम्म केही भन्ने अवस्था नरहेको लोसपा नेपाल मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले बताए।

यता जनमत नेतृत्वको सरकारलाई माओवादी, एसलगायतका ६ दलले भने विश्वासको मत दिने स्पष्ट पारिसकेको छ।

कांग्रेसका प्रमुख सचेतक झाले शनिबार विहान ८ बजे बस्ने संसदीय दलको बैठकबाट मुख्यमन्त्री सिंहलाई विश्वासको मत दिने वा नदिनेबारे ठोस निर्णय हुने प्रस्ट्याए।

**बजेट पुनर्लेखनको माग**

पुरक बजेट ल्याउने सहमति भए पछि मधेश प्रदेशसभामा पेस गरिएको आगामी आर्थिक वर्षको बजेटमाथिको छलफल शुक्रबारदेखि सुरु भएको छ।

यस अघि प्रदेश सभाको बैठकमा लोसपा नेपालकी प्रदेश सांसद रानी कुमारी तिवारीले बजेट पुनर्लेखनको माग गर्दै अवरुद्ध गरेकी थिइन्।

त्यसपछि बैठकमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल र राप्रपाका सांसदहरुले समेत समर्थन जनाउँदै अवरुद्ध गरेका थिए।

सांसद तिवारीको अडानपछि कांग्रेस, लोसपा, जसपा र राप्रपाका सांसदहरु उभिएर समर्थन जनाएका थिए।

प्रदेश सभामा प्रस्तुत गरिएको बजेटमाथि छलफल सुरु भएको छ।






जनकपुर टुडे

२०८१ साल असार २२ गते शनिबार (6 July, Saturday, 2024)

# ‘प्रतिबद्धतालाई प्रमुख आधारका रूपमा ग्रहण गरी बजेट तर्जुमा’- अर्थमन्त्री पुन

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा सरकारले अन्तर्राष्ट्रिय जगत्मा व्यक्त गरेको प्रतिबद्धतालाई प्रमुख आधार मानेर बजेट तर्जुमा गरेको बताउनुभएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयकमाथिको छलफलमा राष्ट्रियसभा सांसदका जिज्ञासाको जवाफमा उहाँले नेपालको संविधान, सोह्रौँ योजनाको सोच, गणतन्त्रका डेढ दशकका उपलब्धिको समीक्षा र विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा सांसदहरूले रचनात्मक सुझाव दिनुभएको बताउनुभयो ।



विगतका आर्थिक सुधारका उपलब्धिलाई संस्थागत गर्ने, बदलिँदो विश्व अर्थव्यवस्था र मुलुकको वस्तुगत आवश्यकतालाई दृष्टिगत गरी उत्पादन र रोजगारीका अवसर सृजना गर्दै देशको अर्थतन्त्रलाई सबल र उत्थानशील बनाउने स्पष्ट कार्यदिशा निर्धारण गरी आगामी आवका लागि पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्र पहिचानसहित बजेट बनाइएको, त्यसको कार्यान्वयनबाट यसले लिएको लक्ष्य हासिल हुने विश्वास मन्त्री पुनले व्यक्त गर्नुभयो ।

सांसदहरुले बजेटले संविधान र नीति तथा कार्यक्रमलाई सम्बोधन नगरेको, सङ्घीयताको सवलीकरणमा जोड नदिएको, शिक्षा क्षेत्रमा बजेट न्यून विनियोजन भएको, कृषिमा लगानी दशक घोषणा भएको तर पर्याप्त बजेट विनियोजन नभएको, बजेटलाई उत्पादकत्व बढाउने गरी बजेट नआएको गुनासो गर्नुभयो ।

सांसदहरुका जिज्ञासा शान्त पार्दै मन्त्री पुनले भन्नुभयो, “मुलुकको चालु आवको कूल गार्हस्थ्य उत्पादनको आकार, सार्वजनिक वित्तको अवस्था र विगतका बजेटको तुलनामा प्रस्तुत बजेट सन्तुलित छ, बजेटको कार्यदिशा अर्थतन्त्रलाई थप गतिशील बनाउन निजी क्षेत्रको मनोबल बढाउने रहेकाले बजेट वितरणमुखी नभई उत्पादनमुखी छ ।” उहाँले आगामी आवका लागि कूल खर्च रु १८ खर्ब ६० अर्ब ३० करोड विनियोजन गरिएको र त्यो खर्च अनुमान चालु आवको विनियोजनको तुलनामा ६ दशमलव २ प्रतिशतले मात्र अधिक रहेको बताउनुभयो ।

चालु आव २०८०/८१ मा चालु खर्च ६५ दशमलव २ प्रतिशत, पुँजीगत १७ दशमलव २५ प्रतिशत र वित्तीय व्यवस्थामा १७ दशमलव ५५ प्रतिशत रहेकामा आगामी आव चालु खर्च ६१ दशमलव ३१ प्रतिशत, पुँजीगततर्फ १८ दशमलव ९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९ दशमलव ७४ प्रतिशत प्रस्ताव गरिएको अर्थमन्त्रीले जानकारी दिनुभयो ।

“चालु आव २०८०/८१ को तुलनामा चालु खर्चतर्फ न्यून बजेट विनियोजन गरिएको छ भने पुँजीगत खर्चतर्फ बजेट वृद्धि गरिएको छ, त्यसैगरी प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँट र अनुदान गरी रु पाँच खर्ब ६७ अर्बअर्थात् कूल विनियोजनको ३० दशमलव ५ प्रतिशत वित्तीय हस्तान्तरणको सुनिश्चितता गरिएकाले प्रदेश र स्थानीय तहमा जाने रकममा पनि चालु आवभन्दा बढी नै विनियोजन गरिएको छ”, मन्त्री पुनले भन्नुभयो । सो रकमबाट सञ्चालन हुने क्रियाकलाप तथा सङ्घीय सरकारको कार्यक्रमबाट सञ्चालन गरिने क्रियाकलापबाट प्रादेशिक सन्तुलन कायम गर्न योगदान पुग्ने विश्वास मन्त्री पुनले व्यक्त गर्नुभयो ।रासस

# ‘वैदेशिक रोजगारीलाई सुरक्षित र उपलब्धिमूलक बनाउँछौँ’

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीलाईथपसुरक्षित,व्यवस्थितर उपलब्धिमूलक बनाउने गरी नीति तथा कार्यक्रम अघि बढाइएको बताउनुभएको छ ।



राष्ट्रियसभाको शुक्रबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलमा सांसदहरुले उठाउनुभएका प्रश्नको जवाफ दिँदै मन्त्री अर्यालले वैदेशिक रोजगारीलाई मर्यादित बनाउने प्रयास भइरहेको बताउनुभयो । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनबाट मुलुकभित्र रोजगारी प्रवर्द्धन र असल श्रमसम्बन्ध विकास गर्ने उल्लेख गर्नुभयो ।

मन्त्री अर्यालले दीर्घकालीन रुपमा आन्तरिक रोजगारी, स्वरोजगारी, उद्यमशीलता र उत्पादन प्रोत्साहन गर्ने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउने गरी नीति तथा कार्यक्रम अघि बढाइएको दाबी गर्नुभयो । उत्पादनशील रोजगारीका अवसर सिर्जना, श्रमिकको हकहित एवं पेशागत सुरक्षा, मर्यादित कार्य वातावरण, योगदानमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनलगायत विषयमा मन्त्रालयले ध्यान केन्द्रित गरेको सदनलाई जानकारी दिनुभयो ।

“सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्ने काममा मन्त्रालयले योजना बनाएको छ”, मन्त्री अर्यालले भन्नुभयो । उहाँले एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय तहबाट श्रम र रोजगारसम्बन्धी सेवा एकीकृत रुपमा प्रवाह भइरहेको जानकारी दिनुभयो ।

वैदेशिक रोजगारबाट फर्किएका नागरिकको सीप, पुँजी, प्रविधि, ज्ञान र अनुभवको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धनको प्रयास भइरहेको मन्त्री अर्यालको भनाइ छ ।

उहाँले विभिन्न दातृ निकायको सहयोगमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनःएकीकरणसम्बन्धी परियोजना कार्यान्वयन भइरहेको जानकारी दिनुभयो ।

“स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रमलगायत विविध कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालित छन्”, मन्त्री अर्यालले भन्नुभयो । उहाँले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आवको असार १९ गतेसम्म ५२ हजार पाँच सय आठ जनाले औसत ८१ दिनको रोजगारी प्राप्त गरेका जानकारी दिनुभयो ।

मन्त्री अर्यालले रोजगार बैंकका लागि राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने तयारी भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “श्रम बजारमा उपलब्ध रोजगारीका अवसर र रोजगारी खोजिरहेका श्रमिकबीच समन्वय गर्न रोजगार बैंकको रुपमा कार्य गर्न राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।” उहाँले श्रम स्वीकृतिका लागि दुई सिफ्टमा कार्यालय सञ्चालन गरी एक घण्टाभित्रै स्वीकृति प्रदान गर्ने व्यवस्थाले सेवाग्राही लाभान्वित भएका बताउनुभयो ।

मन्त्रालयको आगामी योजनाबारे जानकारी दिँदै मन्त्री अर्यालले श्रम स्वीकृति लिनका लागि आवश्यक पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने गृहकार्य भइरहेको जानकारी दिनुभयो । वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा परामर्श प्रदान गर्न आगामी आवदेखि सात सय ५३ वटै स्थानीय तहमा सेवा विस्तार गरिने उहाँले बताउनुभयो ।

> “स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रमलगायत विविध कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालित छन्”, मन्त्री अर्यालले भन्नुभयो ।

मन्त्री अर्यालले वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्तिबापतको रकम रु सात लाखबाट बढाइ रु १० लाख हुने गरी प्रस्ताव गरिएको जानकारी दिनुभयो । उहाँले अङ्गभङ्ग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता तथा छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाईनमार्फत प्रदान गर्ने व्यवस्था मिलाइएको उल्लेख गर्नुभयो ।

“वैदेशिक रोजगार बोर्डको तथ्याङ्कअनुसार आव २०७८/७९ देखि चालु आवको जेठ मसान्तसम्म वैदेशिक रोजगारीमा गएका चार हजार ८० जनाको मृत्यु तथा एक हजार २ सय ६२ जना अङ्गभङ्ग भएका छन् । निजका परिवारलाई रु दुई अर्ब १४ करोड ३७ लाख २७ हजार आर्थिक सहायता उपलब्ध गराइएको हो”, मन्त्री अर्यालले भन्नुभयो । उहाँले वैदेशिक रोजगारीको सन्दर्भमा हुने विभिन्न गुनासा सुन्न श्रमाधान कल सेन्टरलाई थप व्यवस्थित बनाइने बताउनुभयो ।

मन्त्री अर्यालले इजाजत प्राप्त संस्थाबाट मन्त्रालय र मातहतका निकायले कमिसन उठाएको सूचना प्रमाणसहित दिएमा दोषीलाई २४ घण्टाभित्र कारबाही गरिने हुने स्पष्ट पार्नुभयो । “विदेशमा अलपत्र परेका नेपाली कामदारलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न चारवटा देश (ओमान, कुवेत, साउदी अरब र इजरायल) मा वैदेशिक रोजगार बोर्डबाट रु १५ लाखका दरले रु ६० लाख उपलब्ध गराइएको छ”, उहाँले भन्नुभयो ।

मन्त्री अर्यालका अनुसार कतार, मलेसिया, युएई, साउदी अरब, दक्षिण कोरिया, बहराइन, कुवेत, ओमनमा श्रम ‘काउन्सेलर’ र श्रम सहचारी परिचालन गरिएको हो । श्रमिकको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि बढाइएको भन्दै जर्मनी र रोमानियासँग नयाँ श्रम सम्झौता भएको उहाँले उल्लेख गर्नुभयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागबमोजिमका तालिम सञ्चालन गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिने मन्त्री अर्यालले बताउनुभयो । प्रदेश सरकारको साझेदारी र गन्तव्य मुलुकको सहयोगमा प्रदेशस्तरमा आवासीय सुविधासहितको आधुनिक प्रशिक्षण केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो ।रासस

# गृहसचिवद्वारा कार्यक्षेत्र नछाड्न प्रजिअलाई निर्देशन



काठमाण्डु । गृहसचिव एकनारायण अर्यालले विपद् प्रतिकार्यमा उच्च प्राथमिकताका साथ समन्वयात्मक काम गर्न प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिनुभएको छ । गृह मन्त्रालयमा बिहीबार ‘भर्चुअल’ माध्यमबाट ‘कमाण्ड पोष्ट’का संयोजक तथा सदस्यहरूसहित ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं सुरक्षा निकायका पदाधिकारीसँग विपद्जन्य घटना व्यवस्थापनबारे भएको छलफलमा उहाँले देशभर मनसुन भित्रिएसँगै हुनसक्ने विपद्जन्य घटना व्यवस्थापन गर्न आफ्ना जिल्लाका स्थानीय पालिकासँग सहकार्य एवम् समन्वय गरेर पूर्वतयारी अवस्थामा रहन निर्देशन दिनुभएको हो ।

प्रदेश सरकार, निजी क्षेत्र,सामाजिक संस्थाहरू परिचालनका निम्ति समन्वय गर्न एवं सडक विभागबाट तयारी अवस्थामा राखिएका उपकरण मुख्य राजमार्गमा तैनाथ गर्नुपर्ने जनाउँदै गृहसचिव अर्यालले त्यसका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्नसमेत निर्देशन दिनुभएको मन्त्रालयले जनाएको छ । विपद् व्यवस्थापनमा पालिकाको भूमिका महत्त्वपूर्ण रहने भएकाले प्रजिअहरूले पालिकासँगका समन्वयमा जोड दिनुपर्ने गृहसचिव अर्यालले निर्देशनमा बताउनुभयो । “स्थानीयस्तरमा विपद्जन्य घटनाको पहिलो जिम्मेवारीमा पालिका नै रहने भएकाले जनप्रतिनिधिसहित कर्मचारीसँगको समन्वय महत्त्वपूर्ण छ”, उहाँले भन्नुभयो, “यस्तो अवस्थामा आफ्नो कार्यक्षेत्र नछाड्न निर्देशन दिनुहोला ।”

यसैगरी मौसम पूर्वानुमान गर्ने निकायको तत्परतालाई थप प्रभावकारी गर्न अनुरोध गर्दै तत्काल उद्धार र राहतका लागि हेलिकप्टरदेखि अन्य प्रभावकारी स्रोत साधन चुस्त राख्न सम्बद्ध सबै पक्षलाई उहाँले अनुरोध गर्नुभएको छ । जिल्लामा काम गर्ने सिलसिलामा असहजता भएका मन्त्रालयसँग समन्वय गर्न र सहजीकरणका लागि तत्काल तयार रहेको उहाँले बताउनुभयो । गृहसचिव अर्यालले विपद्बाट मानवीय क्षति व्यहोर्न पुगेका परिवारहरूमा आफैं उपस्थित भई आवश्यक सहयोग गर्न प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिनुभएको थियो ।रासस

## मनसुनजन्य विपद्का घटनाबाट हालसम्म २८ को मृत्यु

काठमाण्डु । मनसुनजन्य विपद्मा परी २८ जनाले ज्यान गुमाएका, एक बेपत्ता भएका तथा अन्य २५ जना घाइते भएका छन् ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत गृह मन्त्रालय विनियोजन शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नको उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको तर्फबाट जवाफ दिँदै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले मनसुनजन्य विपद्बाट ४६ घर पूर्ण क्षति र ३६ घर आंशिक क्षति भएका छन् । चालु आवमा हालसम्मका मनसुनजन्य विपद्का विवरण प्रस्तुत गर्दै उहाँले पहिरोबाट २४ जनाको मृत्यु भएको, १९ जना घाइते भएका तथा बाढीबाट चारजनाको मृत्युभएको, एकजना बेपत्ता भएका र दुईजना घाइते भएका जानकारी दिनुभयो । भारी वर्षाका कारण चार जना घाइते भएका छन् । चट्याङका ९३ वटा घटनामा परी १९ को मृत्यु भएको तथा ३५ घाइते भएका छन् । हालसम्म चट्याङबाट ३२ जिल्ला प्रभावित भएका उहाँले जानकारी दिनुभयो । सबै विपद्का घटनाबाट एक सय ७१ चौपायाका मरेका छन् ।

विपद् व्यवस्थापनका लागि मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१ तयार गरी कार्यान्वयनमा ल्याइएको मन्त्री अर्यालले जानकारी दिनुभयो ।रासस

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट ह्याक

काठमाण्डु । सुदूरपश्चिम प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट शुक्रबार ह्याक भएको छ ।

कार्यालयका सूचना अधिकारी जगदीशप्रसाद जोशीले वेबसाइट ह्याक भएको जानकारी पाउना साथ काठमाडौँस्थित सूचना प्रविधि विभागमा खबर गरेर साइट ‘रिकभर’ गर्ने प्रयास गरिएको बताउनुभयो ।

“कार्यालयको वेबसाइट खोल्दा क्याप्टन स्मोकर थ्रीआर भन्ने कुकिजले ह्याक गरेको देखाउँछ”, जोशीले भन्नुभयो, “बिहानदेखि कार्यालयको वेबसाइट बन्द हुँदा सूचना राख्ने र हेर्नेलगायत काममा बाधा पुगेको छ, साँझसम्म रिकभर हुन सकेको छैन ।” वेबसाइटको ‘सेक्युरिटी लक’ को व्यवस्था नगर्दा ह्याकरलाई वेबसाइट ह्याक गर्न सहज हुने प्रविधिक्षेत्रका जानकारहरु बताउँछन् ।रासस


## विमालेख हरायो

यहि मिति २०८१। ०३ । २० गते सर्लाही बागमती नगरपालिका वडा न .१० घर बाट बागमती नगरपालिका जाने क्रममा मेरो निम्न व्यहोराको बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु छ।

**नाम : लोक कुमारी गौतम**
**विमालेख नं.:०५१००० ५२१८**
**कम्पनी : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.**
**ठेगाना:बागमती नगरपालिका १० सर्लाही**
**मो.नं.९८०९६५३३५८**


## तपाईंको आज

पण्डित : ब्रम जी

- **मेष** : नयाँ कार्य हुने ।
- **बृष** : बौद्धिक क्षमता ।
- **मिथून** : प्रतिभा सम्पन्नता ।
- **कर्कट** : शिक्षामा उन्नति ।
- **सिंह** : पारिवाहिक सुख ।
- **कन्या** : धन वृद्धि सञ्चय ।
- **तुला** : प्रेम प्रसंग, मित्र सुख ।
- **वृश्चिक** : सुख समृद्धि हुने ।
- **धनु** : भ्रमण अवसर हुने ।
- **मकर** : अवसर प्राप्त ।
- **कुम्भ** : वाद विवादबाट बच्नु ।
- **मीन** : पुरस्कार प्राप्त लाभ ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# आइतबारसम्म बाढीको जोखिम

काठमाण्डु । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको बाढी पूर्वानुमान महाशाखाले आइतबारसम्म मुलुकका विभिन्न स्थानमा बाढीको जोखिम रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। आइतबारसम्म भारी वर्षाको सम्भावना रहेकाले नदीमा पानीको बहाव बढ्नसक्ने र बाढीको जोखिम रहेको भन्दै सतर्कता अपनाउन अनुरोध गरिएको छ।



विभागका बाढीविद् तथा हाइड्रोलोजिस्ट इन्जिनियर विजय ढुकुछुले शुक्रबार इलाम, झापा, मोरङ, लमजुङ, कास्की, पाल्पा, नवलपरासीपूर्व र आसपासका जिल्ला भई बहने अधिकांश स-साना नदीमा बहाव बढ्ने तथा केही स-साना नदीमा आकस्मिक बाढीको मध्यम जोखिम रहने पूर्वानुमान गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार शुक्रबार उदयपुर, सिन्धुली, मकवानपुर, चितवन, सिन्धुपाल्चोक, रामेछाप, अछाम, डोटी, कैलाली र आसपासका जिल्ला भई बहने स-साना नदीहरुमा बहाव पनि बढ्ने पूर्वानुमान छ। "भोलि भने देशभरका अधिकांश स-साना नदीहरूमा बहाव बढ्ने तथा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश भई बहने केही स-साना नदीहरुमा आकस्मिक बाढी आउनसक्छ", उहाँले भन्नुभयो।

महाशाखाका अनुसार शुक्रबार देशभर साधारणतयादेखि पूर्णतया बदली रहने छ। सबै प्रदेशका धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी, मधेस, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावमा छ। सबै प्रदेशका धेरै स्थानका मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

"भारी वर्षाको सम्भावमा भएका क्षेत्रमा हुनसक्ने गेग्र्यान बहाव, बाढी, पहिरो तथा भू-क्षयका जस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न तथा यसबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ," विभागद्वारा जारी विज्ञप्तिमा भनिएको छ।रासस

# 'तोकिएको जिम्मेवारी पूरा गर्न रक्षा मन्त्रालय क्रियाशील छ'



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपाल सरकार कार्य विभाजन नियमावलीले तोकेको जिम्मेवारी पूरा गर्ने सिलसिलामा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी कार्यसम्पादन गर्न रक्षा मन्त्रालय सदैव क्रियाशील रहेको बताउनुभएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलका क्रममा रक्षा मन्त्रालय र अन्तर्गतका निकायसम्बन्धी उठेका जिज्ञासा, सुझाव एवं प्रतिक्रिया सम्बन्धमा प्रधानमन्त्रीको तर्फबाट जवाफ दिँदै उहाँले त्यस्तो बताउनुभएको हो।

मन्त्री शर्माले नेपालको संविधान, सैनिक ऐन, २०६३ र नेपाल सरकारका सुरक्षासम्बन्धी कानुन, राष्ट्रिय सुरक्षा नीति, २०७५ अनुसार मुलुकको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकता रक्षाका लागि नेपाली सेना समर्पित रही आएको बताउनुभयो। "अन्तर्राष्ट्रिय प्रचलनअनुसार सामान्य अवस्थामा हतियारसहित अन्तर्राष्ट्रिय सिमानामा फौजहरू तैनाथ गरी निगरानी राख्ने कार्य अर्ध सैनिक फौजबाट गरिने प्रचलनअनुसार नेपालमा पनि उक्त कार्य सशस्त्र प्रहरी बल नेपालले गर्दै आइरहेको माननीय सदस्यलाई अवगत नै छ", उहाँले भन्नुभयो,"नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृङ्खलताका कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम सम्माननीय राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा हुने संवैधानिक व्यवस्था रहेको छ।"सरकारका प्रवक्ता शर्माले यस प्रकारको घोषणा भएमा नेपाली सेना जुनसुकै समय र अवस्थामा सीमा रक्षाको लागि खट्नि विषयमा कुनै द्विविधा नरहेको प्रष्ट पार्नुभयो।

उहाँले काठमाडौँ-तराई मधेस द्रुतमार्ग सडक आयोजनामा नेपाली सेनाको सहभागिता सम्बन्धमा उठेका प्रश्नको जवाफ दिँदै नेपाली सेनालाई आवश्यकताअनुसार विकास निर्माणमा परिचालन गर्न सकिने संवैधानिक व्यवस्था रहेको उल्लेख गर्नुभयो। कहाँ, कहिले र कस्तो प्रकारको निर्माणमा जिम्मेवारी दिने भन्ने विषय नेपाल सरकारले निर्णय गर्ने उहाको भनाइ छ। सोही नीतिअनुरूप नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ गतेको निर्णयअनुसार काठमाडौँ-तराई मधेस द्रुतमार्ग सडक आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको मन्त्री शर्माले जानकारी दिनुभयो।

नेपाली सेना कुनै पनि नाफामूलक व्यावसायिक गतिविधिमा संलग्न नरहेको जानकारी गराउँदै उहाँले सैनिकले शान्ति सेनाअन्तर्गतको मिसनमा खट्टिई जाँदा पाउने पारिश्रमिक र भत्ता रकमबाट निश्चित प्रतिशत छुट्याई कल्याणकारी कोष स्थापना गरिएको बताउनुभयो। "सैनिक कल्याणकारी कोषबाट नेपाल सरकारको स्वीकृतिमा बहालवाला तथा भूतपूर्व सैनिक र तिनका आश्रित र अनाथ परिवारको आर्थिक, सामाजिक कल्याण र शिक्षा तथा स्वास्थ्योपचारका लागि सेवामूलक क्रियाकलाप सञ्चालन गरिएको ब्यहोरा स्पष्ट पार्न चाहन्छु। तसर्थ, सैनिक कल्याणकारी कोषको उपयोग गरी सैनिकको कल्याणका लागि सञ्चालित कार्यलाई सेनाले व्यापार व्यवसाय गरेको रूपमा नबुझिदिनुहुन अनुरोध गर्दछु", मन्त्री शर्माको भनाइ थियो।

नेपालको वर्तमान सुरक्षा स्थितिलाई थप सुदृढ र मजबुत बनाउनेबारे सरकार स्पष्ट रहेको र तदनुरूप नेपाली सेनालगायत सबै सुरक्षा अङ्गहरूको आधुनिकीकरण, सबलीकरण र पेसागत क्षमता अभिवृद्धि गर्दै जाने उहाँले बताउनुभयो। नेपाली सेनालाई समयानुकूल दक्ष, आधुनिक, थप व्यावसायिक र प्रविधिमा आधारित फौज बनाई गुणस्तर बढाउन र नेपाली सेनाको दक्षता तथा मनोबल अभिवृद्धि गर्न पर्याप्त बजेट विनियोजन गर्नुपर्ने मन्त्री शर्माको जोड छ।रासस

# जनता समाजवादी पार्टीद्वारा सरकारलाई दिएको समर्थन फिर्ता

काठमाण्डु। अशोककुमार राई नेतृत्वको जनता समाजवादी पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

पार्टीको शुक्रबार बसेको बैठकको निर्णयअनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' नेतृत्वको सरकारलाई दिएको समर्थन आजैका मितिबाट लागू हुने गरी फिर्ता लिएको जसपा अध्यक्ष एवं सो पार्टीका संसदीय दलका नेता राईद्वारा शुक्रबार जारी



विज्ञप्तिमा उल्लेख छ।

जनता समाजवादी पार्टीले यसअघि सङ्घीय संसद् सचिवालयलाई पत्र पठाएर सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी गराइसकेको सो पार्टीका महासचिव मोहम्मद इस्तियाक राईले जानकारी दिनुभयो। जनता समाजवादी पार्टीबाट सङ्घीय सरकारमा नवलकिशोर साह सुडी वन मन्त्री, प्रदीप यादव स्वास्थ्य मन्त्री र हसिना खान स्वास्थ्य राज्यमन्त्री रहनुभएको थियो। रासस

# 'आगामी आवमा पुँजीगत खर्चमा सुधार तथा बजेट कार्यान्वयन उपलब्धीमूलक हुनेछ'

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले बजेट कार्यान्वयन कार्ययोजना असार र आवश्यक कार्यविधि, मापदण्ड तथा निर्देशिका २०८१ साउन मसान्तभित्र तयार गर्नुपर्ने व्यवस्थाले पुँजीगत खर्चमा सुधार तथा बजेट कार्यान्वयन उपलब्धीमूलक हुने विश्वास व्यक्त गर्नुभएको छ।



उहाँले आगामी वर्षमा पुँजीगत खर्च गर्ने क्षमता वृद्धि गर्न तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन आयोजना अवधिभर आयोजना प्रमुखको सरुवा नगर्ने, राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने र विकास आयोजना कार्यान्वयनसम्बन्धी कानुन तर्जुमा गर्ने बताउनुभयो। राष्ट्रियसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयकमाथिको छलफलमा सांसदहरूका प्रश्न तथा जिज्ञासाको जवाफ दिँदै त्यस्तो बताउनुभएको हो।

सांसदहरूले प्रादेशिक सन्तुलन हुने गरी बजेट नआएको, पुँजीगत बजेट तथा पुँजीगत खर्च गर्ने क्षमता न्यून, पूर्वाधार क्षेत्रमा बजेटको कमी, मन्त्रालयगत विनियोजनमा असन्तुलन, वित्तीय हस्तान्तरणमा प्रदेशहरूबीच बजेट विनियोजन/समन्यायिक नभएको, निश्चित नेताका क्षेत्रमा बढी मन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो।

जवाफमा मन्त्री शर्माले कृषि तथा शिक्षा क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएको बताउनुभयो। "चालु आवको विनियोजनभन्दा आगामी आवका लागि शिक्षा क्षेत्रमा करिब रु छ अर्ब बढी बजेट विनियोजन गरिएको हुँदा शिक्षा क्षेत्रलाई उच्च महत्व एवं प्राथमिकता दिई बजेट विनियोजन गरिएको छ", उहाँले भन्नुभयो,"कृषि क्षेत्रमा लगानी दशक घोषणा गरी कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण तथा प्रविधिको प्रयोग गरी उत्पादन, भण्डारण, प्रशोधन एवं वितरणका समग्र चरणमा सुधार गर्दै उत्पादन तथा उत्पादकत्व बढाउने लक्ष्य रहेको छ। कृषि क्षेत्रमा सरकारले उच्च महत्व र प्राथमिकता दिएको छ।"

सरकारले आद्यवधिक रूपमा बजेट तर्जुमा गर्दा प्रचलित ऐन, कानुन, बजेट तर्जुमा दिग्दर्शन एवं स्वीकृत प्रणालीअनुरूप छलफल तथा स्वीकृति गर्ने प्रक्रियामा सबै जनप्रतिनिधिको अहम् भूमिका र अधिकार समान रहेको उहाँले विश्वास दिलाउनुभयो। "सरकार सबै भौगोलिक क्षेत्र, वर्ग समुदायको समानुपातिक र सन्तुलित विकासप्रति प्रतिबद्ध छ, यद्यपि बजेट विनियोजन गर्दा आयोजना बैंकमा आबद्ध भएका, बहुवर्षीय स्रोत सहमति दिएका, आगामी आवमा सम्पन्न हुने, सिर्जित दायित्व भुक्तानी गर्नुपर्ने, क्रमागत रूपमा रहेका तथा अनिवार्य दायित्वअन्तर्गत खर्च हुने आयोजना तथा कार्यक्रममा प्राथमिकतापूर्वक अनिवार्य रूपमा बजेट प्रस्ताव गर्नुपर्ने हुन्छ", मन्त्री पुनको भनाइ थियो,"यसरी प्रस्ताव गर्दा सबै निर्वाचन क्षेत्रमा समान विनियोजन नभएको हुनसक्छ तर सरकारले कुनै दल वा नेता वा मन्त्रीको निर्वाचन क्षेत्र वा मन्त्रीका नजिकका व्यक्तिका लागि मात्रै बढी बजेट छुट्याइएको भन्ने सत्य होइन। सरकारको प्राथमिकता सन्तुलित एवं समानुपातिक विकास गर्ने हो", उहाँले भन्नुभयो।

अर्थमन्त्री पुनले सरकारले गर्ने लगानी, प्रत्यक्ष वैदेशिक लगानीमा हुने वृद्धि, निजी क्षेत्रबाट परिचालन हुने पुँजीसमेतका आधारमा थप रोजगारीका अवसर सिर्जना गरी युवालाई स्वदेशमै रोक्ने नीति बजेटले लिएको धारणा राख्नुभयो।रासस

# राष्ट्रियसभाबाट विनियोजन विधेयक पारित

काठमाण्डु । राष्ट्रियसभाको शुक्रबारको बैठकले विनियोजन विधेयक, २०८१ सर्वसम्मतिले पारित गरेको छ। विधेयकअन्तर्गत विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरुमाथि सम्बन्धित मन्त्रीहरुले जवाफ दिने क्रम शुक्रबार सकिएपछि उक्त विधेयक पारित भएको हो।

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त उक्त विधेयक निर्णयार्थ प्रस्तुत गर्दा बैठकले सर्वसम्मतिले पारित गरेको हो। उक्त विधेयक पारित गरियोस् भनी अर्थमन्त्री वर्षमान पुनले सभासमक्ष प्रस्ताव गर्नुभएको थियो।

दुवै सदनबाट पारित भएको विनियोजन विधेयक राष्ट्रपतिबाट प्रमाणीकरणपछि नयाँ आर्थिक वर्षको पहिलो दिन (साउन १ गते) देखि लागू हुनेछ। शुक्रबारको बैठकमा अर्थमन्त्री पुनले प्रस्तुत गर्नुभएको आर्थिक विधेयक, २०८१, राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र भन्सार विधेयक, २०८१ लाई विचार गरियोस् भन्ने प्रस्ताव बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ। ती विधेयकमा सांसदको संशोधन (सुझाव) का आधारमा आगामी बैठकमा दफाबार छलफल हुनेछ।रासस


आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।

विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस। बद्रीनाथ र केदारनाथ समेत।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।







प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



## जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.

लहान ३, सिराहा

### सच्चाइएको सूचना

यस संस्थाको मिति २०८१/३/१९ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ६ मा प्रकाशित "ऋण चुक्तागर्नेबारे ३५ दिने सार्वजनिक सुचना" मा तपसिल बमोजिम भुल भएको हुँदा सच्चाइएकोले यो सूचना प्रकाशित गरिएको छ।

| ग्राहक को नाम | भएको | हुनुपर्ने |
|---|---|---|
| सुलेखा कुमारी यादव | नामः-बिरेन्द्र कुमार यादव<br>ना.प्र.प.नं.:-६००१/३६९/७८९ | ना.प्र.प.नं.७६२८२१३५ |
| शुसिला कुमारी कापर | नामः-संजिव कुमार कापर | नामः-संजिव कुमार कामैत |
| सुदी ठाकुर | नामः-अवधी ठाकुर सोनार | नामः-अवधी ठाकुर वडही |



मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

## डिभिजन वन कार्यालय

सिमरा, बारा, मधेश प्रदेश

### जनहितमा जारी संदेश

- वन प्रशासनको सांगठनिक तथा संस्थागत संरचनालाईसमयानुकूल पुनर्संरचना र प्रविधिमैत्री बनाई वन, वातावरण, जैविक विविधता, जलाधार व्यवस्थापनलगायतका सेवालाई जनस्तरसम्म पुर्याउन सेवा विस्तार गरिनेछ।
- वनक्षेत्रको दिगो वन विकास, संरक्षण, सम्वर्द्धन, उचित व्यवस्थापन र वन पैदावारको दिगो आपूर्तिको लागि प्रदेशको समग्र वनक्षेत्रको गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।
- "जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख"को नारालाई सार्थक बनाउन स्थानीय तह समेतको समन्वय र सहकार्यमा ग्रामीण तथा शहरी वन विकासको कार्यक्रम ल्याईनेछ।
- समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत निजी, सार्वजनिक तथा राष्ट्रिय वनको दिगो व्यवस्थापन गरी वनजन्य उद्यम विकास मार्फत वनक्षेत्रबाट उल्लेखनीय रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गरिनुका साथै व्यवसायीकरण हुन सक्ने जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावारहरुको पकेट क्षेत्र पहिचान गरी खेती प्रविधिको विकास, विस्तार र प्रशोधन उद्योग स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- विभिन्न बहुउपयोगी प्रजातिहरुको बहुवर्षिय बिरुवा उत्पादन तथा वितरण गर्न प्रत्येक जिल्लामा स्थापित नर्सरीलाई व्यवस्थापन गरिनुका साथै प्रत्येक पालिकामा एउटा वन नर्सरी स्थापना तथा संचालन गरिनेछ।निजी क्षेत्रद्वारा स्थापित निजी नर्सरीहरुलाई बिरुवाहरु उत्पादन तथा वितरण गर्न प्रोत्साहित गरिनेछ।राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा "एक नागरिक एक बिरुवा"वृक्षारोपण अभियानलाई निरन्तरता दिईनेछ।जन्मोत्सव, विवाहोत्सव लगायतका धार्मिक एवं सांस्कृतिक समारोहको अवसरमा वृक्षारोपण गर्ने कार्यलाई सामाजिक सचेतना कार्यक्रम मार्फत सञ्चालन गरिनेछ।
- वनक्षेत्रमा यान्त्रिकीकरण एवं आधुनिक प्रविधिको प्रयोग गरी वन डढेलो रोकथाम, वन सीमाङ्कन तथा वन अतिक्रमण नियन्त्रण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। सिंगै रुख उखेली स्थानान्तरण गर्न त्चभभ क्उबमभ त्चगअप लगायतका उपकरण खरीद गरि हरित उत्थानशील एवं समावेशी विकासमा जोड दिइनेछ।
- जैविक विविधताको दृष्टिकोणले महत्त्वपूर्ण वनक्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय दृष्टिकोणले हटस्पट संरक्षण तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।वर, पिपल, सतिसाल, पाखुरी, डुमरी, महुवा, खमारी, जामुन, बेत, ईमली लगायतका रैथाने र लोपोन्मुख वनस्पतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।
- प्रदेश भित्र रहेका संघीय सरकार अन्तर्गतका वनक्षेत्रसंग सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्य गरी कार्यक्रम संचालन गरी जैविक विविधताको संरक्षण, पर्यापर्यटन अभिवृद्धि गरी रोजगारी सिर्जना गरिनेछ।
- "हरित शहर, स्वच्छ शहर" अन्तर्गत प्रदेश राजधानी लगायतका शहरहरुमा सघन बृक्षारोपण गरी शहरी वनको विकास तथा वातावरणमैत्रीउद्यान निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- प्रदेशवासीहरुलाई काठ दाउराको सहज आपूर्ति व्यवस्था मिलाउन नेपाल वन निगम लिमिटेडसँग समन्वय र सहकार्य गरी आवश्यकतानुसार वन पैदावार बिक्री वितरण डिपो स्थापना तथा संचालन गरिनेछ।
- पारिस्थितिकीय प्रणाली (भ्अयकथकतभ) तथा पर्यटकीय महत्वका सिमसार, जलाशय, ताल, पोखरी लगायतको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई ऋभलतभच या भ्हअर्भाभिलअभको रुपमा विकास गरी वन, वातावरण, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यलाई अनुसन्धानमूलक,तथ्यपरक बनाईनुका साथैजनशक्तिको दक्षतामा अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। अहिले पनि भेटेन ।।

खोज्दा खोज्दै मनका कुरा , अहिले पनि भेटेन
राती राती हेरेका सपना , साचो कहिले देखेन
रुँदा रुँदै बगेका आँसु, प्यास पनि मेटेन
हिड्दा हिड्दै दुःखका बाटो, अहिले पनि सकेन

हाँस्दा हाँस्दै रोएका कुरा ,कारन पनि भेटेन
चट्याङ फट्याङ परेका बादल , कहिले पनि बर्सेन
कुहु कुहु बोलेका कोइली, सहरमाकहिले देखेन
खोज्दा खोज्दै मनका कुरा, अहिले पनि भेटेन

ठम ठम लागेका चोट, अहिले पनि मेटेन
सुन्दा सुन्दै सबैका सुने, आफ्नो पनि बिर्सन
गर्दा गर्दै माया नि गरे , फिर्ता कहिले पाएन
खोज्दा खोज्दै मनका कुरा, अहिले पनि भेटेन

खाली खाली भएका नदी, वर्षा बिना भरेन
जाली जाली परेका भाडो, पानी कहिले अटेन
सोच्दा सोच्दै यतिका सोचे, सोचेको कहिले पाएन
खोज्दा खोज्दै मनका कुरा, अहिले पनि भेटेन



**लेखकको नाम : नविन कुमार यादव**
**ठेगाना : जिल्ला सिरहा, सुखिपुर नगरपालिका -०७**

## ।। कृपालु ।।

मान्दिनँ म भगवान लाइ
उसले शिक्षा दियो मलाई धर्म को
मान्छु म भिम लाइ उनले शिक्षा दियो
संविधान जस्तो किताब लेख्न लाइ
मान्दिनँ म भगवानलाई उसले जन्म दियो विभेदको मर्मलाई
मान्छु म बुद्धलाई उसले शिक्षा दियो परोपकारी भावनामा जिउनलाई
धर्मले भेद तुल्यायो छुवाछुतको
धर्मले एकअर्कालाई होच्याए
बढ्दै गए धनीको शोषण गर्दै गए विभेद
शिक्षाले आधार दिए कमाउने जिउने परिभाषा
हलिया भई बाँच्नुभन्दा कालिया बन्नु बेस बुझे गरिब भनाउँदाहरूले
मजदुरले मजदुरी गर्छ शिक्षितले रोजगारी पाउँछ
व्यापार एउटा वृद्धि हो शिक्षा एउटा समृद्धि हो
धर्मबाट सम्मान पाउनुपर्छ न कि विभेद
कामले वर्गीकरण होइन शिक्षाले समीकरण गर्नुपर्छ
मान्दिन म भगवानलाई जसले शिक्षा दियो धर्मको
सन्तोषी रहोस् हामी सबै कृपा गरुन् हामीलाई अदृश्य शक्तिले
कृपालु बनि बाँच्न सिकाउँ एकअर्कालाई सहयोग गरी



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।।पापी मन।।

कस्तो अनौठो यो मनको स्वभाव रा छ ,
जे कुरा भाग्यमा छैन त्यही कुरा को लोब र त्यहि को आश भा छ।
न परिश्रम गर्नु छ न पिडा सह्नु छ,
मेरो लागि त यो जस्तो जीवन को सजाय भा को छ।
म सँग जे छ त्यस्को हर्ष उलाश छैन,
र जे छैन त्यस्को लागि मन उदाश भा को रै छ।
"खै ? के गरु अब जीवन त मेरो यो पापी मनको सिकार भा को रैछ" ।।
"खै? के गरु अब जीवन त मेरो यो पापी मनको सिकार भाको रै छ" ।।
एउटा इच्छा पुरा हुन्छ त अर्को इच्छा जागृत हुन्छ ;
एउटा बाटो खत्म हुन्छ त अरको बाटोको सुरुवात हुन्छ,
न कहिल्यै बाटो सक्छ न मेरो इच्छा घटछ केवल मेरो परिश्रम बढछ र मेरो कष्ट बढछ।
खै! के गरु यो पापी मनलाई ? म भन्दा बढि यो बलवान् रै छ।
खै! के गरु यो पापी मनलाई ?म भन्दा बढि यो बलवान् रै छ ।।
कस्तो त्यो दिन थियो रे, न होस थियो न हावाश थियो
त्यो केवल मेरो बाल्यकाल थियो, न निराशाको डर थियो, न कुनै सपना पुरा गर्ने रहर थियो , न कसैको साथ निभाउने कर थियो ।
"केवल मेरो खुशी को घर थियो" "त्यो केवल मेरो खुसी को घर थियो" रे
अहिले त मेरो जीवन मेरो अफ्नै पापी मनको सिकार हुँदो रै छ। जसलाई बान्ध्न निकै गाह्रो र कठिन हुँदै रै छ।
न यस्को ईलाज कुनै वैद नीर छ,न कुनै धामी भाक्री नीर।
यो त मलाई मेरो भित्र बाट नै नष्ट गर्दै रै छ ।
कस्लाई सुनाउँ म आफ्नो यो ब्यथा
संसारलाई पनि त रहेछ एतिकै दुःख एतिकै पीडा ।
"न गर्नु चाहियो जे गर्छौं हामी यो पापी मनको कारनले"
"न भोग्नु पर्ने जे भोग्छौं हामी यो पापी मनको कारनले"।।



**लेखक :आदित्य झा**
**कक्षा.१०. श्री राष्ट्रिय माध्यमिक विद्यालय, जनकपुर-१०, रुपैठा**

## ।। सफलताको आशमा ।।

हो म सफलताको आश गर्दै छु।
मेहनत दिनरात र कडा प्रयास गर्दै छु।
बाटोमा आई परेको समस्यालाई प्रास्त गर्दैछु।
सिकाईको बाटो अंगाले र पूर्ण प्रयास गर्दैछु।
जिम्मेवारी र रहरबिच ओलभिएर सखाप गर्दैछु।
नयाँ युगमा नयाँ जोश जाँगरको उत्खनन् गर्दैछु।
सही ठाँउ र समयको खोजीमा ठाउँ स्थानान्तर गर्दैछु।
आश र विश्वास रहेन अन्यमा त्यसैले एक्लै बास गर्दैछु।
सफलताको लडाईमा लिप्तिएर लामो शास् फेर्दैछु।
यो अपरिचित सहरमा आफ्नो पहिचान खोज्दैछु।
हो म सफलताको आश गर्दै छु
मेहनत दिनरात र कडा प्रयास गर्दै छु।



**लेखक:-आई.पी. रुपेश महतो**
**(आर आर एम क्याम्पस:-बि बि एस प्रथम वर्ष)**
**ठेगाना:-माधवनारायण न.पा -३ सखुअवा रौतहट**

## ।। प्रिय साथी ।।

जिवनको सफरमा हजारौ मान्छे भेटे तर हजुर जस्तो भेटन कोई हजुरको माया यो हावा जस्तो मेरो वरईपरई बगिरहनछ यो समुद्रको आन्दि जस्तो बगिरहन छ यो फिलको पानि जस्तो बगिरहन छ !

बनेको बगैचामा फुलेको फुल जस्तो हजुरको अनुहार मालाई असादै मन पराउछ भवस्यको गर्वमा बासेको छ हजुरको याद सपनाको लहरमा लुकेको छ हजुरको याद

समय समयमा हजुरको याद दिलाउने गरिन्छ त्यो वर्षाको पानि त्यो बितेको पल त्यो बितेको लामाहा !

जुनि जुनि हजुरको साथ पाए भने त्यो परआंतमा सँग नमंन गर्दैछु साथि लाखौं कमाउन सपना छैन लाखौं खुआब हेरने सपना छैन हजुरको साथमा साथिको माया हेरने सपना हो

संङगितमा बसेको सात सुर परितमा बसेको माँ सरस्वति जस्तै मेरो मनमा बसेको हजुरको माया मेरो लागि असदय प्रिय छ !



**लेखक मनिष नायक( सोनु )**
**ठेगाना जनकपुर ११ कुर्था**

## ।। आमा ।।

नौ नौ महिना गर्भमा राख्नुभयो हामीलाई
धेरै दुःख कष्ट सहनुभयो न भनिकन् कसैलाई ।
आमा हामी हजुरलाई धेरै माया गर्छौं
हजुरले देख्नुभएका सबै सपना पूरा गर्छौं ।
हजुर माया र मम्ताको ठुलो खानी हुनुहुन्छ
राम्रोसँग पढ्नु भनेर पटक पटक भन्नुहुन्छ ।
हजुरले देखाउनुभयो हामीलाई यो संसार
दिनुभयो सबैतिरको नयाँ पुराना ज्ञान् ।
हजुरको माया पाएर व्यक्ति बन्छौ महान्
सधै गर्नेछौं हामी हजुरलाई आदर र सम्मान् ।।



**लेखक मिथिलेश यादव**
**गाउँ :-धनुषाधाम नगरपालिका वडा नं ७ सरस्वतिपुर**

## ।।कहा छ अन्तय।।

माया बाट सुरु भयो ।
कहाँ हुन्छ अन्त ।।
मेरो जिवनका संघर्षको ।
कथा छ , अनन्त ।।
कहिले लडे, कहिले पदे ।
याति मात्र हुन्छ, अभ्यास ।।
मेरो जिवनको एउटै लक्ष्य ।
सफलता पाउनु मेरो प्रयास ।।
दिन हैन , रात हैन ।
अघि बढदै जानुछ ।।
मेहनत गर्ने हो यसरी ।
भग्यले अवश्य सफलतामा पुर्याउनु छ ।।
कथा म एक दिन यसरी रच्ने छु ।
संघर्षको कहानी सबैसामु भनने छु ।।
आज बिर्सयो , भोलि बिर्सयो ।
याद एक दिन आउला ।
तब आफ्नो कर्ममा माया तिमी पचताउला।।
दुःख नगरी सुख कहाँ पाइन्छ ।
यस स्वर्थी संसारमा जिउदै जलाइन्छ ।।



**लेखक:- अनित कुमार मण्डल**
**जनकपुर (लोहना-१५)**

## ।। पढ्लहा मूर्ख ।।

आई काल्हिके बौवा बुच्ची
बोडिङ्ग स्कूल पढ़ै छै
अपन भाषा भेष बिसैरक
अंग्रेजी नेपाली भफरै छै
बारिफारी मे गाजा गुटख
पिय छै दारु तारी
माय बाप के टेरै नै छै
जम्मबै छै जिम्मदारी
निक कपड़ा छोड़क पेनैछै
फाटल पुरान
सिकरेट बिरी पिक बौवा
सेहो देखबै सान
इज्जत करनाई भुइल गेलै
घुमै छै लुच्चा आबारा जेना
नमहर नमहर केस पाइल
भुल्फीके फहरबै छै
मैथली भाषा छोड़क बौवा
अंग्रेजी नेपाली बतयबै छै
बरका जेष्टका के लाज नै बौवाके
करै छै मनमानी
बाबू माय के त टेरै नै छै
करै बौवा सैतानी



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। बुझाइ ।।

जसले किताब पढ्छ उसले अक्षर बुझ्छ ।
जसले भाव पढ्छ उसले उत्तर बुझ्छ ।।
जसले चोट खान्छ उसले पत्थर बुझ्छ ।
जसले चोट सहन्छ उसले ईश्वर बुझ्छ ।।
जसले ईश्वर बुझ्छ उसले डर बुझ्छ ।
जसले मन्दिर बुझ्छ उसले घर बुझ्छ ।।
जसले वसन्त बुझ्छ उसले शिशिर बुझ्छ ।
जसले सावन बुझ्छ उसले पत्फर बुझ्छ ।।
जसले समुन्द्र बुझ्छ उसले लहर बुझ्छ ।
जसले सुनामी बुझ्छ उसले कहर बुझ्छ ।।
जसले परिश्रम बुझ्छ उसले प्रहर बुझ्छ ।
जसले परिस्थिति बुझ्छ उसले रहर बुझ्छ ।।



**लेखक: राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१, सिनुरजोडा धनुषा, नेपाल ।**

## ।।मेरी माया।।

तिम्रो जीवन कथाको मलाई एउटा पात्र बनाई देउन ।
जिवनमा चलेको राम्रा ,नराम्रो कहानी मलाई सुनाई देउन ।
तिम्रो कथा को पाठ खोलेर पढ्न सिकाई देउन ।
हो मो तिम्रो लायक छैन तै पनि आफ्नो बनाई लेउन ।
मो तिम्रो हो ,तिमी नी मेरी हौउ यसको अनुभव गराई देउन।
मो तिमीलाई आफ्नो कसरी बनाऊ फर्मुला सिकाई देउन ।
मो तिम्रो लागि लोयल छु यसको परीक्षा दिलाई देउन।
तिम्रो कथाको सिक बाट मलाई आउट असल मानिस बनाई देउन ।
तिम्रो जीवन को घाउको मो लाई मलहम बनाई देउन।
मेरो मन मा तिमी छौ तिम्रो मनका भावना जगाई देउन ।
मो आजदा छु आफनो मनको पिजडाको कैदि बनाई देउन।



**लेखन रोहन भुजेल**
**जनकपुरधाम -७**
**रा.रा.ब छात्र (२०८०) बि एड फर्स्ट ऐयर**

## ।। भोलि को यात्रा ।।

भोलि को यात्रा सुरु भयो, नयाँ आशा बोकेर,
नयाँ बाटो, नयाँ मोड, मनको सपनालाई साँचेर।
बिहानीको घामले छाया हटायो, उज्यालो पथमा,
नयाँ गन्तव्य, नयाँ दिशा, हामी यात्रा गरौं सँगै।
भोलि के हुन्छ थाहा छैन, तर हिम्मत कहिल्यै टुट्दैन,
सपना साकार पार्नलाई, यात्रा गर्न कहिल्यै थाक्दैन।
प्रयासले सफलता भेट्छ, हार नमान्नलाई मनले सम्फाउँछ,
भोलिको यात्रा हाम्रो हो, आशा र हौसला हामीलाई थाम्दछ



**लेखक बब्लु शर्मा**
**ज. उ. न. पा. ७. धनुषा, नेपाल**

## जनता रुदै बसेका छन्

नेता उफ्रिदै बढेका छन् ।।१।।
महंगो आकाश छुदै छन्
युवाहरु विदेश पलायन हुदै छन् ।।२।।
बौद्धिक वर्ग बिकी सकेका छन्
अनपढ वर्ग पनि सिकी सकेका छन् ।।३।।
भ्रष्टलाई बचाउन भ्रष्टहरु जुटि सकेका छन्
लुट्नेहरु धेरै लुटी सकेका छन्। ।।४।।
देशको नाउमा कसम खादै हिडे छन्
जनता अचेल अन्योल मै डुबे छन् ।।५।।



**लेखक: उज्ज्वल झा**
**शिक्षा: स्नातक तेस्रो वर्ष जारी**
**अस्थायी ठेगाना: जनकपुरधाम**

## ।। बुवाको सपना ।।

सानो थिए जब म , हातको औंला समातेर
हजारौं पटक भरेर भुइँमा , हजुरबाट हिँड्न सिके बा ?
हो , तिमीलाई त काँध माथि बसाएर
सारा संसार पनि घुमाइदिएको छु
सम्भना छ तिमीलाई त्यो दिनको
छ बा ! नाङ्गो खुट्टाले हिँडेर बजार सम्म
मलाई ल्याइदिनुभएको चप्पलको सम्भना छ
एउटा सपना छ
त्यही दफ्तरको ठूलो हाकिम भएर आऊ
जसमा म एउटा नोकर रहेछु
आफू त नाङ्गै पाउमा , देखेर तिमीलाई कोट अनि जुत्तामा
आएर तिम्रो अगाडि सलाम गर्नेछु
ठोकेर पिठीउँमा तिम्रो , म फेरि पनि उठाएर शिर
गर्व गरिहाल्छु
हजुरले रातको बेला ओछ्यानमा सुतिरहदा
मैले चोट र घाउका निशानहरु देखेको थिएँ
त्यो पाउँ र हातमा
त्यसमा रगत , पसिना अनि संघर्षको कथा देखें
मेरो निम्ति देख्नुभएको सपनाहरु, त्यही आँखामा पाए
टाढा सम्म जानु छ बा , म अब यात्रा लाई सुरु गर्न लागे ।।



**नाम : नरेन्द्र नाथ साह ( रिसु )**
**ठेगाना : औरहि गा. पा. - ०३ कपटौल**
**अध्ययनरत : मोडल मल्टिपल कलेज जनकपुर**
**( वाणिज्य संकाई विद्यार्थी )**

## ।। प्रकृति संग हाम्रो सम्बन्ध ।।

हरियालीका पातहरूमा, सजीवताको गीत,
प्रकृति हाम्रो साथी, जीवनको नितान्त नीत।
भरना भर्यो पहाडबाट, गाईजस्तो मीठो स्वर,
नदी बन्छ मन्दिर-मुक्त, जीवनको वहनकर।
हावा चल्छ मधुर, पातहरूको नाच,
बर्षादको शीतलता, फुलको सुन्दर गाज।
पंक्षीहरूको चिर्बिर, बिहानको नयाँ सूरज,
प्रकृतिको यो काव्य, हाम्रो सम्बन्ध कुरकुरा।
बिरुवा रोप्दा हर्ष, बगैंचाको सजीवता,
धर्तीको यो ममता, हामीलाई न्यानो भेटा।
सूर्यको किरणले, जीवनको ऊर्जा ल्याउँछ,
प्रकृतिको हर पल, सजीवताको रहस्य बुझाउँछ।
हिमालको शीतलता, मरुभूमिको तातो स्पर्श,
प्रकृति हाम्रो साथी, अनन्तको यात्रा हर्ष।
प्रकृतिको यो प्रेम, हाम्रा लागि अनमोल,
राखौं सजीवता, हर्ष र आनन्दको भूगोल।



**लेखक विवेक साह**
**जनकपुरधाम ४ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (५ सेमेस्टर)**

## ।।बिचित्रको छ है जिन्दगी ।।

चिनेको मान्छेले पनि म चिन्दिन भन्छन।
जब आउँछ पैसाको कुरो ,आफू संग भए पनि
बताउँछन् सबले छु आफै अपुरो
बिचित्रको छ है जीवन जब मान्छे हुन्छ
कमजोर तब कसैले बुझ्दैन कसैको कुरो,
आइले मुख फेर्ने सग एक दिन हुने छ मेरो सामना
मेरो काम न लाग्नेको मेरो सग नी काम लागोस्
यही गर्छु मो भगवान सग कामना



**लेखक शिवा चौधरी**
**जनकपुरधाम -६**

# नि:शुल्क शिक्षाका लागि थप बजेट विनियोजन गर्न मन्त्री श्रेष्ठको आग्रह



काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले विद्यालय शिक्षालाई निःशुल्क र गुणस्तरीय बनाउन सरकारले बजेट थप गर्नुपर्ने बताउनुभएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा 'विनियोजन विधेयक, २०८१' माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री श्रेष्ठले शिक्षाका ऐन, नियम र निर्देशिकाको पालनाका लागि अनिवार्य दायित्वका रुपमा बजेट विनियोजन हुन आवश्यक रहेको औँल्याउनुभएको हो । शिक्षाका लागि अतिरिक्त बजेट कसरी निर्धारण गर्ने भनेर सोच्नुपर्नेमा जोड दिँदै उहाँले गुणस्तरीय शिक्षाका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट अध्ययन र अनुसन्धान गरेर निचोड निकाल्नुपर्ने जनाउँदै उहाँले विद्यालय शिक्षालाई गुणस्तरीय र राजनीतिक हस्तक्षेपबाट मुक्त राख्न 'शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१' जारी गरिएको स्पष्ट गर्नुभयो।

"शिक्षण पेसा भनेको जागिरको विषय होइन, दायित्व हो । उनीहरु जतिबेला पनि विद्यार्थीको सिकाइमा केन्द्रित हुनुपर्छ", मन्त्री श्रेष्ठले भन्नुभयो, "त्यसैले शिक्षकलाई कुनै पनि राजनीतिक दलको जिम्मेवारी र सदस्यमा राख्नुहुन्न।

यसका लागि म सबै राजनीतिक दलको सहयोगको अपेक्षा गर्दछु ।"मन्त्री श्रेष्ठले शिक्षक 'पोर्टल' निर्माणगरी एकीकृत तथ्याङ्क तयार गर्ने र सरुवालाई वैज्ञानिक बनाउन उक्त पोर्टल सहयोगी हुने बताउनुभयो।

उहाँले 'साथीसँग सिकाइ' कार्यक्रमका साथै एक हजार विद्यार्थीलाई प्रशिक्षण दिएर हरेक पालिकामा पठाउने जानकारी दिनुभयो।

मन्त्री श्रेष्ठले शैक्षिक परामर्श केन्द्र र विदेशी सम्बन्धनमा सञ्चालित कलेजहरुको दर्ता, नवीकरण र अनुगमनका लागि विगतमा काम नभएको पाइएकाले अहिले अनुगमन सुरु गरिएको पनि स्पष्ट गर्नुभयो । यसैगरी मन्त्री श्रेष्ठले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पुनःसंरचाका लागि प्रक्रिया सुरु भएको जानकारी दिँदै विद्यार्थीले 'सिक्दासिक्दै कमाउने' र 'कमाउँदाकमाउँदै' शैक्षिक प्रमाणपत्र पाउने अवस्था ल्याउन काम गरिएको र त्यसका लागि अतिरिक्त बजेट आवश्यक नपर्ने स्पष्ट गर्नुभयो ।रासस

# सहकारी नीतिलाई समसामयिक तुल्याउनुपर्ने

मन्त्री शर्माले गोठाटारमा ज्येष्ठ नागरिक आश्रम बनाउन बजेट व्यवस्था गरिएको, विगतमा विभिन्न समस्या भए पनि आगामी आवमा उक्त कार्यक्रमले निरन्तरता पाउने, ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र सञ्चालन गरिने, चालु आर्थिक वर्षमा थप ४८ स्थानमा यस्ता केन्द्र सञ्चालन गरिएका बताउनुभयो ।



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जग्गाको अभिलेख व्यवस्थापनका लागि न्यून बजेट विनियोजन भएको सन्दर्भमा प्राप्त बजेटलाई अधिकत मितव्ययिताका साथ परिचालन गरी अधिकतम परिणाम निकाल्न प्रयास गरिने बताउनुभएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलको क्रममा प्रधानमन्त्री तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का तर्फबाट र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायबारे उठेका जिज्ञासाको जवाफ दिँदै उहाँले उक्त मन्त्रालयलाई कूल रू ६ अर्ब ८२ करोड बजेट विनियोजन गरिएको, सोही बजेटबाट मन्त्रालय मातहतका विभाग र ती विभागअन्तर्गत कार्यरत ६ हजार बढी कर्मचारीको तलब भत्ता र कार्यालय सञ्चालनका लागि खर्च छुट्याइएको बताउनुभयो।

मन्त्री शर्माले सहकारीको क्षेत्रमा व्याप्त समस्याहरूको दीर्घकालीन समाधानका लागि मन्त्रालय गम्भीर रहेको, प्रदेश तथा स्थानीय सरकारहरुसँग सहकारी समस्या समाधानका लागि विषयगत समिति गठन गरिएको, सहकारी ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम सहकारी कर्जा असुली न्यायाधीकरण, कर्जा सूचना केन्द्र, र सहकारी बचत तथा कर्जा सुरक्षण कोष स्थापनाको प्रक्रिया अगाडि बढाइसकिएको जानकारी दिनुभयो ।"हालसम्म २१ वटा सहकारीहरूलाई समस्याग्रस्त घोषणा गरी ती सहकारीहरूको व्यवस्थापन 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति" मार्फत भइरहेको छ।

महिलालगायत सबै क्षेत्रलाई समेट्ने गरी बजेट प्रस्ताव गरिएको छ

मन्त्री शर्माले प्रधानमन्त्री एवं महिला, बालबालिका तथा तथा ज्येष्ठ नागरिकमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का तर्फबाट राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलका क्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अन्तर्गतका निकायसम्बन्धी उठेका जिज्ञासाको जवाफमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अन्तर ष्ट्रिय गैरसरकारी संस्थाको परिचालन र नियमनसम्बन्धी सबै क्षेत्रलाई समेट्नेगरी बजेट प्रस्ताव गरिएको बताउनुभयो।

मन्त्री शर्माले गोठाटारमा ज्येष्ठ नागरिक आश्रम बनाउन बजेट व्यवस्था गरिएको, विगतमा विभिन्न समस्या भए पनि आगामी आवमा उक्त कार्यक्रमले निरन्तरता पाउने, ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र सञ्चालन गरिने, चालु आर्थिक वर्षमा थप ४८ स्थानमा यस्ता केन्द्र सञ्चालन गरिएका बताउनुभयो।

"मन्त्रालयअन्तर्गत कुनै कार्यालय नभएको हुँदा प्रस्तावित बजेटमा राखिएका कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार र स्थानीय सरकारलाई वित्तीय हस्तान्तरणमार्फत अनुदान रकम पठाउन प्रस्ताव गरिएको छ। कार्यक्रमको कार्यान्वयन प्रभावकारिता र अनुगमन सहजता समेतका लागि तथा मन्त्रालयको उद्देश्य प्राप्तिका लागि केही बजेट निश्चित स्थानमा विनियोजन गरिएको छ, अधिकांश कार्यक्रम वित्तीय हस्तान्तरणअन्तर्गत सात सय ५३ वटै पालिका र सातवटै प्रदेशमा पठाउने प्रबन्ध छ", उहाँले भन्नुभयो।

राष्ट्रपति महिला सशक्तीकरण परियोजनाअन्तर्गत दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गर्ने कार्यक्रमको सन्देश र परिणाम सकारात्मक रहेको अध्ययन प्रतिवेदनबाट देखिएको हुँदा प्रदेश मन्त्रालयसँग र स्थानीय तहसँग समन्वय गर्दै सञ्चालन गर्नेगरी आवश्यक व्यवस्था मिलाइने जानकारी उहाँले दिनुभयो।

महिलाको आर्थिक आत्मनिर्भरता वृद्धि हुने एवं सशक्तीकरणका लागि आगामी आवका लागि प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम प्रस्ताव गरिएको छ। कार्यक्रममा अपेक्षाकृत बजेट विनियोजनको प्रस्ताव नभए तापनि सो पछिका आर्थिक वर्षहरुमा पर्याप्त बजेट विनियोजन गर्दै लगिने उहाँले बताउनुभयो।

"मन्त्रालयले सम्बोधन गर्नुपर्ने जनसंख्या, विषयवस्तुको संवेदनशीलता र जटिलता समेतलाई दृष्टिगत गर्दा यस मन्त्रालयमा ठूलो परिमाणमा साधन उपलब्ध गराउन आवश्यक देखिन्छ, तथापि वर्तमानमा राज्यको धान्न सक्ने गरी क्षमताको आधारमा सीमितरुपमा विनियोजित आवको बजेटलाई मन्त्रालयको कार्यक्षेत्रभित्र परेका छवटै क्षेत्रको सरोकार अधिकतम सम्बोधन हुनेगरी एवं राज्यले अन्तर्राष्ट्रिय रुपमा निर्वाह गर्नुपर्ने दायित्व निर्वाह गर्न स्रोतसाधन परिचालन गर्न मन्त्रालय सदैव क्रियाशील र प्रतिबद्ध छ । आफ्नो दायित्व निर्वाहका क्रममा मन्त्रालयलाई आवश्यक पर्ने थप साधन स्रोतको अभाव हुन नदिन सरकारले आवश्यक प्रबन्ध मिलाउने विश्वास दिलाउन चाहन्छु", उहाँले भन्नुभयो ।रासस

# अर्थतन्त्रमा कृषि र औद्योगिक क्षेत्रको योगदान बढाइनुपर्छ : अर्थमन्त्री पुन

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले नेपालको अर्थतन्त्रमा कृषि र औद्योगिक उत्पादनले बढी योगदान गर्नुपर्नेमा सेवा क्षेत्रको विस्तार बढेको बताउनुभएको छ । नेपाल-चीनमैत्री मञ्चले आज यहाँ आयोजना गरेको 'नेपालको कृषिमा रूपान्तरण' सम्मेलनमा अर्थमन्त्री पुनले प्राथमिक क्षेत्रको विकासबिना सेवा क्षेत्रबाट मात्रै मुलुकको आर्थिक अवस्थालाई सुधार्न नसकिने बताउनुभएको हो । "मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी)मा कृषिको २४ प्रतिशत हाराहारी मात्रै योगदान छ तर ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमा आबद्ध छन् । अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान बढेको छ", अर्थमन्त्री पुनले भन्नुभयो, "कृषिको जनशक्ति औद्योगिक क्षेत्रमा जानुपर्नेमाएकैचोटीसेवाक्षेत्रमागएको छ । कृषिबाट औद्योगिकीकरणमा जानुपर्ने गरी अर्थतन्त्रको संरचना निर्माण हुनुपर्छ।"



नेपालका उत्पादनले दुई ठूला मुलुकको बजारमा पहुँच विस्तार गरेर लाभ लिनसक्ने भएकाले आन्तरिक उत्पादन बढाउनु नै अहिलेको आवश्यकता रहेको उहाँले स्पष्ट पार्नुभयो।

"हामी भूपरिवेष्ठित र भौगोलिक रूपमा कठिन भूगोलमा रहेकाले खाद्य सुरक्षाका क्षेत्रमा लगानी गर्नैपर्छ, जनशक्ति उत्पादन गर्नैपर्छ", उहाँले भन्नुभयो, "अहिले पनि करिब रु तीन खर्बको कृषि उत्पादन आयात भइरहेको तथ्यले यस क्षेत्रमा उत्पादन बढाएर बजार खोज्ने सम्भावना छ भन्ने देखाउँछ। हामीले दुई ठूला छिमेकी मुलुकका बजारको लाभ पनि लिन सक्छौँ।"

चिया, कफी, अलैँची, अदुवालगायतका प्रतिस्पर्धी वस्तुमा लगानी केन्द्रित गर्ने र त्यस्ता वस्तुको उत्पादन बढाउने हो भने नेपालले विश्व बजारमा नै प्रतिस्पर्धा गर्नसक्ने अर्थमन्त्री पुनको धारणा छ। कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत कृषिमा लगानी दशक घोषणा गरेको उहाँले उल्लेख गर्नुभयो।

"अहिलेको सरकारले मात्र होइन, यसअघिका र यसभन्दा पछिका सरकारले कृषि उत्पादन बढाउने विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा दुईमत छैन । सरकार परिवर्तन भए पनि नीतिगत स्थायित्वबाट नतिजा खोज्ने हो", अर्थमन्त्री पुनले भन्नुभयो, "अब हामी कृषि उत्पादनसँगै पर्यटन, ऊर्जा, सूचना प्रविधिलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर जानुपर्छ ।" सरकारले कृषि क्षेत्रमा दिँदै आएको अनुदानको प्रभावकारिता न्यून देखिएको बताउनुहुँदै उहाँले उत्पादनमा अनुदान दिइने व्यवस्था कार्यान्वयनमा आउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेपाल सरकारका पूर्वकृषिसचिव गणेश जोशीले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको बताउने गरे पनि सरकारले बजेटको न्यून अंश मात्रै कृषि क्षेत्रमा खर्च हुने गरेको बताउनुभयो। "सरकारले वार्षिक रूपमा विनियोजन गर्ने कूल बजेटको करिब तीनदेखि चार प्रतिशत मात्रै कृषि क्षेत्रका लागि छुट्याइने गरेको छ।

कृषिमा छुट्याइने कुल बजेटमध्ये ९० प्रतिशत चालू र १० प्रतिशत मात्रै पुँजीगत शीर्षकमा जान्छ", उहाँले भन्नुभयो, "स्थानीय तहले पनि बजेट विनियोजन गर्दा कृषिलाई प्राथमिकता दिएको देखिँदैन।

" अन्य क्षेत्रको तुलनामा कृषि क्षेत्रमा हुने वृद्धिले गरिबी निवारणमा बढी प्रभावकारिता देखिने पनि उहाँले बताउनुभयो। रासस

# विपद् व्यवस्थापन र पूर्वतयारीमा गम्भीर भएर काम गरौँ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक परिस्थितिमा उतारचढावजस्तो देखिए पनि सरकारले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिएर काम गर्नुपर्ने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार भएको मनसुनजन्य जोखिमको न्यूनीकरण तथा जोखिम प्रतिकार्यसम्बन्धी उच्चस्तरीय बैठकमा उहाँले प्राकृतिक विपत्तिको उच्च जोखिमयुक्त देश भएकाले तीनवटै सुरक्षा अङ्गको समन्वयात्मक प्रयासमा विपद् व्यवस्थापन पूर्वतयारीका काम व्यवस्थित गर्न निर्देशन दिनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "राजनीतिमा



उतारचढाव भइरहन्छ तर सरकार र राज्यका निकायले आफ्नो जिम्मेवारी भुल्नु हुँदैन । नेपाल विपद्का दृष्टिले उच्च जोखिमयुक्त देश हो । यो वर्ष मौसम प्रतिकूल हुने पूर्वानुमान छ । त्यसैले व्यवस्थित पूर्वतयारी गरौँ । विपद् व्यवस्थापनमा हामीसँग स्रोत पनि छ तर, कार्यविधिको झन्झटले स्रोत परिचालन गर्न नसकेको कुरा बोध गर्दै यसलाई सहज परिचालन गर्न सकिनेगरी परिमार्जन गरौँ । राज्यका सबै निकायको सम्पूर्ण ध्यान पूर्वतयारी र जोखिम न्यूनीकरणमा केन्द्रित गरौँ।"

छलफलमा गृहमन्त्रालय र नेपाली सेनाकोतर्फबाट गरिएको पूर्वतयारीका लागि आभार प्रकट गर्नुभयो। छलफलमा नेपाली सेना र गृह मन्त्रालयका तर्फबाट विपद् व्यवस्थापनको पूर्वतयारी र जोखिम पूर्वकार्यसम्बन्धी आफ्नोतर्फबाट गरिएको तयारीबारे प्रधानमन्त्रीलाई जानकारी दिइएको थियो ।रासस


## राजर्षिजनक विश्वविद्यालय

जनकपुरधाम, धनुषा (नेपाल)

## घर जग्गा भाँडामा लिने प्रस्ताव पत्र (सिलबन्दी दरभाउपत्र) सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०३/२२**

यस विश्वविद्यालयको स्वास्थ्य विज्ञान संकायद्वारा संचालित विभिन्न विषयहरुको कक्षा संचालनका लागि जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत जिरोमाइल देखि मुजेलिया प्रहरीचौकी सम्म कम्तिमा २० कोठे, पार्किंग व्यवस्था भएको घर जग्गा भाँडामा लिनु पर्ने आवश्यकता भएकोले, प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त सिलबन्दी दरभाउपत्रलाई कायमै राखी दोस्रो पटक प्रकाशित भएको मितिले सात (७) दिन भित्र घर जग्गा भाँडा दिन इच्छुक घर जग्गा धनीले विश्वविद्यालयको राष्ट्रिय वाणिज्य बैंक पिडारी चौक शाखा, जनकपुरधाममा रहेको च.ही.नं. १५२०१००००२२८१००१ मा रु.२०००।-(अक्षरेपी दुई हजार) मात्र फिर्ता नहुने रकम जम्मा गरी सोको सक्कल भौचर लिई विश्वविद्यालय प्रशासनबाट उपलब्ध हुने प्रस्तावपत्र (दरभाउपत्र) बुझी रितपूर्वक भरेर उक्त म्याद भित्र सिलबन्दी गरी बुझाउनु हुन सुचित गरिन्छ। म्याद भित्र प्राप्त नभएका र रितपूर्वक नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। सिलबन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा मिति २०८१/०३/३० गते अपरान्ह २:०० बजे कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। दरभाउपत्र स्वीकृति गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस विश्वविद्यालयमा निहित रहने छ। विशेष जानकारीका लागि यस विश्वविद्यालयको सामान्य प्रशासन शाखामा सम्पर्क राख्न अनुरोध छ।

**सम्पर्कः ९८४०८९१२५९**



मधेश प्रदेश सरकार

## उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

## जनहितमा जारी सूचना

१. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई, शिक्षा र पानीको उपयोग अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा क्रमिक रुपमा चार्जिगंस्टेशन स्थापना गरिने छ।

३. जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge" अवधारणालाई नाराको रुपमा मूर्तरुप दिई भूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातको पानी संकलन तथा संरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ। भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य (Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ।

४. भू-जलस्तरमा भईरहेको ह्रासलाई भुमिगत पुर्नभरण (Ground Water Recharge) गर्न अध्ययन अनसुन्धान गरी सोको प्रतिवेदनको आधारमा व्यवस्थापन कार्यलाई प्राथिमकता साथ कार्यान्वयन गरिनेछ।

५. नदीनालाहरूबाट ढुङ्गा, गिट्टी, वालुवाको अव्यविस्थत र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यविस्थत गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भुमिगत जलस्तर (Ground Water Level) लाई उठाउने कार्य गरिनेछ।

६. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

७. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२" कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब-डिभिजन खानेपानी कार्यालयहरूमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गरिनेछ।

८. स्वच्छ खानेपानीको सुविधा पुर्याउन "निर्मल जल घर घर नलजल" खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय र सहकार्यमा प्राथिमकता साथ संचालन गरिनेछ।

९. वातावरणीय सरसफाई एवम् स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत जनचतेना अभिवृध्दि र सार्वजिनक शौचालय निर्माण र मर्मत संभार गरिनेछ।

१०. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई सार्वजिनक निजी साझेदारी नीति अन्तर्गत प्रवर्द्धन गरिनेछ।

# इरानमा दोस्रो चरणको राष्ट्रपतीय निर्वाचनको लागि शुक्रबार बिहानैदेखि मतदान सुरु

एएफपी

तेहरान । इरानमा गत मे महिनामा भएको हेलिकप्टर दुर्घटनामा ज्यान गुमाएका इब्राहिम रायसीको उत्तराधिकारीका लागि सुधारवादी उम्मेदवार मसूद पेजेस्कियान र संस्थापन पक्षधर सइद जलिलीबीचको प्रतिस्पर्धाका लागि शुक्रबार मतदान सुरू भएको इरानको गृह मन्त्रालयले जनाएको छ ।इस्लामिक गणतन्त्रका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले स्थानीय समयअनुसार बिहान ८ :०० बजे मतदान सुरु हुँदा मतदान गरेको सरकारी टेलिभिजनले जनाएको छ।



गृहमन्त्री अहमद वाहिदीले सरकारी टिभीलाई बताउनुभयो, "हामी १४ औं राष्ट्रपतीय निर्वाचनको दोस्रो चरणको मतदान शुक्रबार बिहानैदेखि सुरु भएको छ। निर्बाचनले देशका ५८ हजार ६३८ मतदान केन्द्र र विदेशका सबै मतदान केन्द्रमा दुई उम्मेदवारमध्येबाट भावी राष्ट्रपति चयन गर्नेछ।"गाजामा जारी युद्धलाई लिएर क्षेत्रीय तनाव बढेको, इरानको आणविक कार्यक्रमलाई लिएर इरानको पश्चिमा मुलुकसँगको विवाद र प्रतिबन्धग्रस्त अर्थतन्त्रको अवस्थाप्रति जनताको असन्तोषको पृष्ठभूमिमा मतदान हुन लागेको हो।

इरानको निर्वाचन आयोगका अनुसार गत हप्ताको पहिलो चरणको निर्वाचनमा एक मात्र सुधारवादी उम्मेदवार पेजेस्कियानले सबैभन्दा बढी अर्थात् ४२ प्रतिशत मत प्राप्त गर्नुभएको थियो । पूर्व आणविक वार्ताकार जलिलीले करिब ३९ प्रतिशत मतका साथ दोस्रो स्थानमा आउनुभएको थियो । इरानको संविधानले व्यवस्था गरे अनुसार कुनै पनि उम्मेदवारको ५० प्रतिशत मत नपुगेको अवस्थामा दुई प्रमुख प्रतिस्पर्धीबीच निर्बाचन गनै व्यवस्था छ।

> इरानका सर्वोच्च नेता खामेनीले पहिलो चरणमा सहभागिता "अपेक्षित रूपमा नभएको" तर यो "प्रणालीविरुद्धको कार्य" नभएको बताउनु भएको छ ।

गत निर्वाचनमा छ करोड १० लाख इरानी मतदातामध्ये ४० प्रतिशतले मात्र मतदान गरेका थिए। यो सन् १९७९ को इस्लामिक क्रान्तिपछि कुनै पनि राष्ट्रपतीय चुनावमा भएको सबैभन्दा कम मतदान हो।

इरानका सर्वोच्च नेता खामेनीले पहिलो चरणमा सहभागिता 'अपेक्षित रूपमा नभएको' तर यो 'प्रणालीविरुद्धको कार्य' नभएको बताउनु भएको छ । गत साता भएको मतदानमा कन्जरभेटिभ संसदका सभामुख मोहम्मद बघेर गालिबाफ १३.८ प्रतिशत मतका साथ तेस्रो स्थान प्राप्त गर्नुभएको थियो भने मौलवी मुस्तफा पोरमोहम्मदीले एक प्रतिशतभन्दा कम मत प्राप्त गर्नुभएको थियो।

इरानमा सन् २०२५ मा राष्ट्रपति को चुनाव हुने तय भएको थियो तर मे महिनामा हेलिकप्टर दुर्घटनामा अतिरूढिवादी राष्ट्रपति रायसीको निधन भएपछि यो निर्वाचन अघि सारिएको थियो ।इरानको आर्थिक समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध, न्यून मतदान र इन्टरनेट प्रतिबन्धका बारेमा दुई पटक बहस भएको थियो ।सन् २००८ देखि उत्तरपश्चिमी शहर ताब्रिजको प्रतिनिधित्व गर्दै आएका ६९ वर्षीय मुटु रोग विशेषज्ञ पेजेस्कियानले सन् २००८ देखि संसद्मा प्रतिनिधित्व गर्दै आउनुभएको छ।

उहाँले इरानको मुख्य सुधारवादी गठबन्धनको समर्थन प्राप्त गर्नुभएको छ । पूर्व सुधारवादी राष्ट्रपतिहरू मोहम्मद खतामी र हसन रौहानीले उहाँको अभियानलाई समर्थन गरेका छन् ।रासस

# आप्रवासीलाई अकल्पनीय पीडा : संयुक्त राष्ट्रसङ्घ

एएफपी

जेनेभा । शरणार्थी र आप्रवासीले भूमध्यसागरमा पुग्न अफ्रिका पार गर्ने स्थलमार्गमा चरम हिंसा, दुर्व्यवहार र शोषणको सामना गर्नुपरेको संयुक्त राष्ट्रसङ्घीय एक प्रतिवेदनमा उल्लेख गरिएको छ।

पछिल्लो एक दशकमा भूमध्यसागर पार गरेर युरोप जाने क्रममा करिब ३० हजार आप्रवासी मृत वा बेपत्ता घोषित भएका छन् ।शरणार्थी र आप्रवासीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय र अनुगमन समूह मिक्स्ड माइग्रेसन सेन्टरको एक प्रतिवेदनअनुसार अफ्रिका हुँदै तटमा यात्रा गर्नेका लागि यो अझ खराब हुन सक्छ।

शरणार्थी र आप्रवासीहरूसँग ३१ हजारभन्दा बढी अन्तर्वार्ताको आधारमा तयार रिपोर्टले २०२० जनवरीदेखि सन् २०२४ मेको बीचमा सहारा मरुभूमि पार गर्ने क्रममा एक हजार १८० व्यक्तिको मृत्यु भएको उल्लेख गरेको छ । संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनका लरेन्स हार्टले जेनेभामा पत्रकारसँग कुरा गर्दै मरुभूमिमार्गमा दैनिक पाँच जनाको मृत्यु हुने गरेको जानकारी दिनुभयो । यी सङ्ख्याहरू एक विशाल अवमूल्यन भएको विश्वास गरिन्छ।



**- यातना, अपहरण, बलात्कार -**

तथ्याङ्कको अभाव भए तापनि प्रतिवेदन तयार पार्न खटेका निकायहरूले प्रत्येक वर्ष हजारौंको मृत्यु हुने गरेको बताएका छन् ।"मरुभूमिमा शरणार्थी र आप्रवासीको मृत्यु समुद्रमा हुनेभन्दा दोब्बर भएको अनुमान गरिएको छ," उनीहरूले एक विज्ञप्तिमा उल्लेख गरेका छन् । मध्य र पश्चिमी भूमध्यसागरका लागि यूएनएचसीआरका विशेष दूत भिन्सेन्ट कोचेटेलले भन्नुभयो, "साहारा पार गर्ने सबैका लागि, तपाईंले शवहरू देखेको, फ्याँकिएको प्रमाण पाउनुहुन्छ ।"उनले भन्नुभयो, "सहारा पार गरेका सबैले मरुभूमिमा मृत्यु भएका मानिसहरूबारे बताउन सक्छन्।

हिँडडुल गर्नेहरूले यातना, फिरौतीका लागि अपहरण, मानव बेचबिखन, यौन हिंसा, डकैती, स्वेच्छाचारी हिरासत र सामूहिक निष्कासनको सामना गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।मरुभूमि पार गर्ने आप्रवासीहरूलाई प्रायः मानव तस्करहरूले मरूभूमि क्षेत्रमा अलपत्र छोड्ने गरेको र बिरामी हुनेहरूलाई कहिलेकाहीं पिकअप ट्रकमा राखि फ्याँकिने गरेको पनि विवरणमा उल्लेख छ ।रासस

# महिला क्रिकेट खेलाडी बेगम निलम्बित



काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली राष्ट्रिय महिला क्रिकेट खेलाडी अप्सरी बेगमलाई सङ्घको आचारसंहिता उल्लङ्घन गरेको भन्दै निलम्बन गरेको छ।

क्यानको शुक्रबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले टोली व्यवस्थापक र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको भन्दै बेगममाथि थप छानबिन गरी आवश्यक निर्णय गर्न अनुशासन आयोगलाई जिम्मा दिने निर्णय गरेको हो।

श्रीलङ्कामा यही जुलाई १९ देखि २८ तारिखसम्म हुने महिला टी-२० एसिया कपको तयारीका लागि नेपाली महिला क्रिकेट खेलाडीको बन्द प्रशिक्षण चलिरहेको छ । सोही क्रममा बेगमले टोली व्यवस्थापक र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको भन्दै बेगमलाई क्यानले तत्कालका लागि निलम्वन गरेको जनाएको छ।

यस्तै क्यानले राष्ट्रिय टोलीका सदस्य सन्दीप लामिछानेले टि-ट्वान्टी अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगितामा एक सय विकेट लिन सफल भएकामा बधाई दिँदै उनलाई ए ग्रेडमा रहने गरी केन्द्रीय सम्झौतामा अनुबन्ध गर्ने निर्णय गरेको छ। क्यानले उनलाई यही जुलाई १ देखि डिसेम्बर ३१ तारिखसम्म 'ए' ग्रेडमा अनुबन्धित गरिएको जनाएको छ।

बैठकले क्यान उपाध्यक्ष रोशनकुमार सिंहसँगै केन्द्रीय सदस्य माधवकुमार कर्माचार्य, दुर्गाराज पाठक र सुनसरी जिल्ला क्रिकेट सङ्घका अध्यक्ष चेतनाथ पौडेललाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। उनीहरूले अमेरिका र वेस्ट इण्डिजमा हालै सम्पन्न टि-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताबारे आधारहिन विषयवस्तुको प्रचारप्रसार गरेको भन्दै स्पष्टिकरण सोध्ने निर्णय गरेको हो।

यसैगरी त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको 'पिच' पुनःनिर्माण गरी स्तरोन्नति गर्ने, प्रादेशिक क्रिकेट सङ्घसँग समन्वय गरी सातवटै प्रदेशमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको टर्फ विकेट निर्माण गर्ने, म्याच फिक्सिङमा अदालतबाट सफाइ पाएका क्रिकेट खेलाडी आदिल आलमको निलम्बन फुकुवा गर्ने सम्बन्धमा सङ्घको अनुशासन समितिलाई एक हप्ताभित्र आवश्यक निर्णय गर्न जिम्मेवारी दिनेलगायतको निर्णय भएको क्यानका महासचिव पारस खड्काले जानकारी दिए ।रासस

# इजरायली टोली गाजासम्बन्धी सम्झौताका लागि कतार जाने

एएफपी

जेरुसेलम । इजरायल हमास युद्धभएको करिब नौ महिनापछि गाजामा हमास प्यालेस्टिनी लडाकूले बन्धक बनाएका व्यक्तिहरूलाई मुक्त गर्ने पछिल्लो प्रयासका लागि इजरायलका गुप्तचर प्रमुख शुक्रबार कतारमा जाने अपेक्षा गरिएको छ।



वार्ताबारे जानकार एक स्रोतका अनुसार मोसाद गुप्तचर सेवाका प्रमुख डेभिड बर्नियाको नेतृत्वमा इजरायली प्रतिनिधिमण्डल 'गाजामा दुवै पक्षलाई सम्झौताको नजिक ल्याउने उद्देश्यले' छलफलका लागि खाडी मुलुक कतारतर्फ जान लागेको हो ।अक्टोबर ७ मा हमासले दक्षिणी इजरायलमा गरेको आक्रमणबाट सुरु भएको गाजा युद्धले लेबनानसँग सम्बन्धित व्यापक द्वन्द्वको डर बढाएको छ । हमासले गरेको आक्रमणमा करिब एक हजार २०० जनाको मृत्यु भएको थियो र मारिनेमा अधिकांश सर्वसाधारण थिए।

हमास लडाकूले आक्रमणपछि करिब २५० जनालाई बन्धक बनाएका थिए भने तीमध्ये करिब आधा बन्धकलाई यस पहिलेको युद्धविराम र बन्धक तथा बन्दी रिहाई सम्झौता अन्तर्गत रिहा गरिएको छ । बाँकी बन्धकमध्ये ४२ जना मारिएका र अझै ११६ जना हमास लडाकूको नियन्त्रणमा रहेको इजरायली सेनाले दावी गर्दै आएको छ ।हमास आक्रमणको प्रत्युत्तरमा इजरायलले गाजामा गरेको हवाइ तथा स्थल आक्रमणमा कम्तीमा ३८ हजार ११ जनाको मृत्यु भएको र मारिनेमा अधिकांश महिला तथा बालबालिका तथा सर्वसाधारण रहेका हमास शासित क्षेत्रको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

नाम नबताउने शर्तमा कतारी अधिकारीले भने, "बार्नेयाले कतारका प्रधानमन्त्री मोहम्मद बिन अब्दुलरहमान अल थानीलाई भेट्नुहुनेछ । इजिप्टसँग मिलेर महिनौंदेखि सम्झौताका लागि सहयोग गर्ने प्रयास गरिरहेको संयुक्त राज्य अमेरिकाले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको प्रतिनिधिमण्डल पठाउने निर्णयको स्वागत गरेको छ ।अमेरिकी राष्ट्रपति जो बाइडनले गत मे महिनामा युद्धविराम सम्झौताको मार्ग प्रशस्त गर्ने घोषणा गर्नुभएको थियो।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले गत जुनमा बाइडेनले अघि सारेको योजनाको स्वागत गर्दै अमेरिकाले तयार पारेको प्रस्ताव पारित गरेको थियो, जसमा प्रारम्भिक छ हप्ताको युद्धविराम, गाजाको जनसङ्ख्या केन्द्रबाट इजरायली सेनाको फिर्ता र हमासद्वारा बन्धकहरूलाई मुक्त गर्ने समावेश थियो तर वार्ता पछि रोकियो । एक वरिष्ठ अमेरिकी अधिकारीले बिहीबार इस्लामिक आन्दोलनको पछिल्लो प्रतिक्रियाले प्रक्रियालाई अगाडि बढाउने र सम्झौतालाई बन्द गर्ने आधार प्रदान गर्न सक्ने बताएका थिए ।संयुक्त राज्य अमेरिकाले इजरायल र हमाससँग सम्झौतामा पुग्नका लागि 'धेरै महत्त्वपूर्ण अवसरको सुरूवात' भएको विश्वास गरेको ती अधिकारीले बताए।

# इजरायलले क्रुर यातना दिएको रिहा भएका गाजाबासीको आरोप

एएफपी

जेरूसेलम । इजरायल-हमास युद्धमा इजरायलद्वारा नियन्त्रणमा लिइएका प्यालेष्टिनीहरूलाई इजरायलले आँखामा पट्टी बाँधेर कुटपिट गरेको र कहिलेकाहीँ कुकुरले समेत टोकाएर यातना दिएको आरोप इजरायली जेलबाट रिहा भएका गाजाबासीले लगाएका छन् । गाजाको सबैभन्दा ठुलो अस्पताल अल-सिफाका पूर्व निर्देशक मोहम्मद अबु सलमियाले इजरायलले बन्दीहरूलाई दुर्व्यवहार गरेको बताउनभएको छ।



इजरायली जेलबाट सोमबार रिहा गरिएका दर्जनौं कैदीहरूमध्ये एक साल्मियाले 'धेरै कैदीहरूको सोधपुछ केन्द्रमा मृत्यु भएको र खाना र औषधिबाट वञ्चित रहेका' बताउनुभयो । इजरायली सेना र शिन बेट गुप्तचर सेवाले यस विषयमा कुनै प्रतिक्रिया जनाएका छैनन् । यद्यपि उनीहरूले विगतमा यस्ता आरोपहरू अस्वीकार गर्दै आएका छन् ।संयुक्त राष्ट्र सङ्घलगायतका संस्थाले लामो समयदेखि इजरायली जेलमा प्यालेस्टिनी कैदीहरूको अवस्थाबारे चिन्ता व्यक्त गर्दै आएका थिए।

जुन ११ मा इजरायलले रिहा गरेपछि गाजापट्टीको कमल अदवान अस्पतालमा लगिएका ५० कैदीहरूमध्ये केहीको एएफपीले अन्तर्वार्ता लिएको थियो । रिहा भएका बन्दीमध्ये एक ३७ वर्षीय महमुद अल-जानिनले आफ्नो अस्पतालको ओछ्यानको यातनाको स्मरण गर्दै भन्नुभयो, "मलाई दिनरात कुटपिट गरिएको थियो । हाम्रो आँखामा पट्टी बाँधिएको थियो, हाम्रो हातखुट्टा बाँधिएका थिए र कुकुरले समेत टोकाइएको थियो।

"संयुक्त राष्ट्र सङ्घले कैदीहरूसँगको इजरायली दुर्व्यवहार 'अस्वीकार्य' रहेको बताएको छ । "हामीले यातना, दुर्व्यबहार, हतकडी, खाना, औषधि, पानीबाट कैदीहरू वञ्चित भएको रिपोर्टहरू प्राप्त गरेका छौं र यो धेरै चिन्ताजनक विषय हो । हामीले यो विषय इजरायली अधिकारीसमक्ष उठाएका छौं र पारदर्शी अनुसन्धानका लागि आग्रह गरेका छौं," संयुक्त राष्ट्र मानव अधिकार आयुक्तकी प्रवक्ता रविना शामदासानीले भन्नुभयो।

मे महिनामा, इजरायली सेनाले सोधपुछको क्रममा बन्दीहरूलाई निर्वस्त्र गर्ने, यौन दुर्व्यवहार गर्ने र बिजुली प्रहार गरेको आरोप 'स्पष्ट रूपमा अस्वीकार' गरेको अमेरिकी सञ्चारमाध्यमको प्रतिवेदनले जनाएको थियो। हमासको आक्रमणपछि इजरायली संसदले नजरबन्दसम्बन्धी नियमहरू संशोधन गरेको हो । डिसेम्बरमा गैरकानुनी लडाकुसम्बन्धी कानूनमा परिवर्तन ल्याएपछि प्यालेस्टिनीहरूलाई विशेष शिविरहरूमा हिरासतमा राख्न प्रयोग गरिएको छ।

कानुनमा परिवर्तन ल्याएपछि इजरायलले अब प्रशासनिक प्रक्रिया बिना ४५ दिनका लागि कैदीहरूलाई हिरासतमा राख्न सक्छ। कैदीहरूलाई अदालतको सुनुवाइ बिना ७५ दिनका लागि हिरासतमा राख्न सकिन्छ र न्यायाधीशले बन्दीसँग वकिलले सम्पर्क गर्नबाट रोक्न सक्नेछन् । "केही बन्दीले आठ महिनाभन्दा बढी समयदेखि वकिलसँग भेटेका छैनन् र अदालतमा उपस्थित नगराई वकिल बिना जूममार्फत् मुद्दा चलाइएको छ," इजरायलमा यातना विरुद्धको सार्वजनिक समितिका निर्देशक ताल स्टेनरले बताउनुभयो।

## लेबर पार्टीको फराकिलो जीत, स्टार्मर नयाँ प्रधानमन्त्री बन्ने

एजेन्सी

लन्डन। किअर स्टार्मरको नेतृत्वमा रहेको लेबर पार्टीले बेलायती संसद्को तल्लो सदनमा स्पष्ट बहुमतसहित विजय प्राप्त गरेको छ।

संसद्को ६५० सिटमध्ये ४६७ सिट घोषणा हुँदा लेबर पार्टीले ३२६ सिट जितेको स्काइ न्युजले शुक्रबार बिहान जनाएको छ ।कुनै पनि मिडिया आउटलेटले ३२६ सिटको सीमा पुगेको घोषणा गर्नु अघि नै बेलायती प्रधानमन्त्री ऋषि सुनकले आम निर्वाचनमा हार भएको स्वीकार गर्नुभएको थियो। बीबीसी, आइटीवी, र स्काई न्यूजले गरेको एक्जिट पोलले केही घण्टा अघि लेबरले ४१० सिटको शानदार जित हासिल गर्ने अनुमान गरेका थिए भने कन्जरभेटिभका लागि सिटको सङ्ख्या १३१ मा कायम हुने अनुमान गरिएको थियो ।रासस

# राष्ट्रसङ्घका महासचिवद्वारा विश्वव्यापी एकताको आह्वान

एएनआई

अस्ताना ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले राष्ट्रसङ्घको महत्त्वपूर्ण साझेदारका रूपमा साङ्घाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) को भूमिकालाई जोड दिँदै कठिन विश्वव्यापी परिस्थितिका बीच विश्वव्यापी एकताका लागि आग्रह गर्नुभएको छ।

राजधानी अस्तानामा आयोजित एससीओ शिखर सम्मेलनलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले विश्वव्यापी चुनौतिको समाधानका लागि व्यक्तिगत प्रयास भन्दा सामुहिक ऐक्यबद्धताको आवश्यकतामा जोड दिनुभयो ।"यी विश्वव्यापी चुनौतिलाई कुनै पनि राष्ट्रको एकल पहलमा समाधान गर्न सकिँदैन," उहाँले उग्र युद्ध, भूराजनीतिक विभाजन र दण्डहीनताको समस्यातिर औंल्याउँदै भन्नुभयो।

महासचिवले विश्वव्यापी रूपमा दिगो विकास र मानव अधिकारको उपभोगका लागि शान्तिको वकालत गर्दै संयुक्त राष्ट्रसङ्घको बहुपक्षवादको केन्द्रीय भूमिकालाई उल्लेख गर्नुभयो । उहाँले गाजा, युक्रेन र अफगानिस्तानजस्ता द्वन्द्व क्षेत्रमा तत्काल मानवीय युद्धविराम र समावेशी शासनका लागि आग्रह गर्नुभयो । जलवायु सङ्कटलाई सम्बोधन गर्दै गुटेर्रेसले महत्त्वाकाङ्क्षी उत्सर्जन कटौती र जलवायु न्यायको आवश्यकतामा जोड दिँदै भन्नुभयो, "जलवायु परिस्थिति बिग्रिँदैछ, यसले पानी र खाद्य सुरक्षालाई खतरा पुऱ्याइरहेको छ र राजनीतिक अस्थिरतालाई बढावा दिइरहेको छ।"

उहाँले विकसित देशहरूलाई जलवायु कार्यलाई समर्थन गर्न नवीन वित्तीय संयन्त्रहरू अवलम्बन गर्न आग्रह गर्नुभएको छ । प्राविधिक क्षेत्रको अनियमित प्रयोगविरुद्ध चेतावनी दिँदै गुटेर्रेसले दिगो विकासका लागि आर्टिफसियल इन्टेलिजेन्स (एआई) को सम्भावनालाई प्रकाश पार्नुभयो। उहाँले एआईसम्बन्धी नीतिहरूलाई आकार दिन समावेशी विश्वव्यापी सहभागिताको आवश्यकतामा जोड दिनुभएको हो।

विश्वव्यापी शासन संस्थाहरू पुरानो र समकालीन चुनौतिहरूलाई सम्बोधन गर्न अपर्याप्त भएको भन्दै महासचिव गुटेर्रेसले यसको सुधार आवश्यक रहेको बताउनुभयो । उहाँले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई सुधारको प्रस्ताव राख्दै आजको विश्वको वास्तविकतालाई प्रतिबिम्बित गर्ने नयाँ विश्वव्यापी एजेन्डा तयार गर्न वकालत गर्नुभएको छ।

गुटेरेसले आशावादी हुँदै आगामी सेप्टेम्बरमा हुने 'फ्युचर' शिखर सम्मेलनमा विश्व एकताको आह्वान गर्नुभएको छ ।रासस

# स्पेनी प्रधानमन्त्री साञ्चेजकी पत्नीद्वारा अदालतसमक्ष बयान

एएफपी

मड्रिड ।स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजकी श्रीमती भ्रष्टाचार मुद्दाको प्रारम्भिक अनुसन्धानका क्रममा शुक्रबार न्यायाधीशसमक्ष बयान दिन म्याड्रिडको अदालतमा पुग्नुभएको छ।



निजी क्षेत्रमा भ्रष्टाचार र तस्करीको अपराधको आरोपमा बेगोना गोमेजलाई गत महिना म्याड्रिडको अदालतले जुलाई ५ मा 'अनुसन्धान पक्ष'को रूपमा सोधपुछका लागि बोलाएको थियो। उहाँ बिहान १०:३० बजे म्याड्रिडको अदालतमा आइपुग्नुभएको हो । अदालतमा प्रारम्भिक अनुसान्धान चलाइरहेका न्यायधीश जुआन कार्लोस पेनाडोसमक्ष बन्द इजलासमा उहाँले बयान दिनुहुने एएफपी संवाददाताले जानकारी गराए । भ्रष्टाचार विरोधी एनजिओ मनोस लिम्पियास (क्लिन ह्यान्ड्स) ले गोमेजविरुद्ध उजुरी दर्ता गरेपछि अप्रिल १६ बाट मुद्दाको प्रारम्भिक अनुसन्धान सुरु गरिएको हो।

दक्षिणपन्थी विपक्षीले सान्चेज र उहाँको वामपन्थी सरकार भ्रष्ट भएको दाबी गरेको प्रमाणको रूपमा यस मामिलामा आक्रमण गरेको हो । तर उहाँले आफ्नो सरकारलाई अपदस्थ गर्ने उद्देश्यले यो आरोप लगाएको भन्दै यस अभियानको निन्दा गर्नुभएको छ ।अप्रिल महिनाको अन्त्यमा अनुसन्धानको खबर आएपछि सान्चेजले दक्षिणपन्थीद्वारा राजनीतिक उत्पीडनको अभियानको रूपमा यो आरोप लगाएको भन्दै राजीनामा दिने विचार गरिरहेको बताउनुभएको थियो।

म्याड्रिडका अभियोजकहरूले प्रमाणको अभावमा मुद्दा खारेज गर्न अनुरोध गरेका थिए तर अदालतले उक्त अपिल मान्य नभएको भन्दै अनुसन्धान न्यायाधीशले जुलाईका लागि समाह्वान जारी गर्नुभएको थियो । कानुनी कागजातले गोमेज र सल्लाहकार कार्लोस ब्यारेब्स बीचको व्यावसायिक सम्बन्धमा अनुसन्धान केन्द्रित रहेको देखाउँछ ।रासस

# महाभारतमा उत्पादित कफी जापान निर्यात



काभ्रेपलाञ्चोक । जिल्लाको दक्षिणपूर्वी क्षेत्रमा अवस्थित दुर्गम महाभारत गाउँपालिकाले व्यावसायिक कफी उत्पादनलाई आधुनिकीकरण गर्न थालेको छ । कफी उत्पादनलाई आधुनिक बनाउने उद्देश्यले पालिकाले व्यावसायिक कफी किसानलाई आधुनिक कृषि सामग्री वितरण गरेको हो । आधुनिक कृषि प्रविधिसँग जोड्दै थप सहज र उत्पादन वृद्धि गरी कफीखेतीबाट आत्मनिर्भर बनाउने उद्देश्यले व्यावसायिक किसानलाई सामग्री वितरण गरिएको गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले बताउनुभयो । यो साता कफी किसानलाई ८० पल्पर मेसिन, एक सय कफीराख्ने जाली, एक सय किसानलाई पाँच सय मिटर पार्चमेन्ट जाली, बिन्स बनाउने मेसिन, महिचर मेसिन, डिजिटल तराजु र ह्याण्ड ग्रेडरसहितका सामग्री वितरण गरिएको छ ।

बाँकी किसानलाई आवश्यकताका आधारमा सामग्री वितरण गर्दै जाने अध्यक्ष जिम्बाले बताउनुभयो। "आधुनिक सामग्रीले कफी खेर्ता तथा उत्पादनमा सहजता हुने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो । केही वर्षदेखि स्थानीयको आयआर्जनको माध्यम कफीखेती बन्न थालेपछि पालिकाले बर्सेनि अनुदानमा कफीका बिरुवा वितरण गर्दै आएको छ । गाउँपालिकाका अनुसार एक हजार चार सय ३३ रोपनी जमिनमा कफीखेती भइरहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा स्थानीय किसानलाई एक लाख कफीका बिरुवा निःशुल्क वितरण गरेको पालिकाले चालु आवमा ९० हजार बिरुवा वितरण गरेको छ । महाभारत-३, ५ र ८ मा नर्सरी स्थापना गरिएको छ । गाउँपालिकामा हाल व्यावसायिक कफी उत्पादन गर्ने किसान एक हजार दुई सयको हाराहारिमा रहेका अध्यक्ष जिम्बाले जानकारी दिनुभयो ।कफी उत्पादनलाई पकेट क्षेत्रका रुपमा विकसित गर्दै हरेका वर्षको नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकतामा राखिएको जिम्बाले बताउनुभयो । यहाँका किसान परम्परागत मकै, कोदो तथा अन्य खाद्यान बाली छाडेर कफीखेतीमा आकर्षित हुँदै गएका उहाँको भनाइ छ ।

पालिकाबाट बर्सेनि रु पाँचदेखि १२ लाखसम्मको कफी बिक्री हुने गरेको वडा नं ५ का सुवास जिम्बाले बताउनुभयो । यहाँ कफी उत्पादन राम्रो हुनुका साथै बजारीकरणको समस्या हट्दै गएकाले किसान यसतर्फ आकर्षित हुँदै गएका उहाँको भनाइ छ ।यसैबीच महाभारतका किसानले उत्पादन गरेको कफी जापान निर्यात हुँदै आएको छ । 'हिमालयन लक्जरी विन्स' नामक कम्पनीले तीन वर्षदेखि यहाँ उत्पादित कफी जापान निर्यात गर्दै आएको हो ।

बागमती प्रदेश सरकारले 'एक वडा, एक उत्पादन' कार्यक्रमअन्तर्गत आगामी आवका लागि महाभारत-५ र खानीखोला गाउँपालिका-२ लाई कफी उत्पादनका लागि छनोट गरेको छ । विन्सका सञ्चालक गुणबहादुर लामाले महाभारत क्षेत्रमा उत्पादित कफी स्वादिलो र गुणस्तरीय भएकाले जापानबाट माग हुने गरेको भन्दै निर्यातलाई निरन्तरता दिँदै आएको बताउनुभयो । "हाल एक हजार पाँच सय केजी जापान पठाउने गरेका छौँ । माग अनुसार थप निर्यात बढाउने तयारीमा छौँ", उहाँले भन्नुभयो ।

यहाँ उत्पादित कफीलाई सुरुमा स्थानीयस्तरमा प्रशोधन गर्ने र बनेपास्थित विन्समा ल्याई पूर्णरूपमा प्रशोधन गर्ने गरिएको सञ्चालक लामाले जानकारी दिनुभयो ।

डाँडापारिमा पल्पिङ सेन्टर स्थापनापछि किसानले बोक्रा फालेर प्रशोधनअघि बिक्री गर्दा प्रतिकेजी रु पाँच सयदेखि रु छ सयसम्म पाउने गरेका छन् । एक पटक रोपेको बिरुवाबाट पचास वर्षसम्म आम्दानी लिन सकिन्छ । एक रोपनीमा वार्षिक रु २५ देखि ३० हजारसम्म कमाइ हुने गरेको गाउँपालिकाका अध्यक्ष जिम्बाले बताउनुभयो । महाभारतको आर्थिक समृद्धिको आधार कफीमार्फत गराउने योजना रहेको उहाँले जानकारी दिनुभयो ।रासस

# कृषि आधुनिकीकरण परियोजनाः गहुँ, धान र तोरी बालीको उत्पादकत्व वृद्धि



अत्तरिया । जिल्लामा सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट गहुँ, धान र तोरी बालीको उत्पादकत्व वृद्धि भएको छ । जिल्लामा परियोजनामार्फत सञ्चालित 'गहुँ सुपरजोन', 'तेलहन जोन' र 'धान जोन' अन्तर्गत उक्त बालीको उत्पादकत्वमा वृद्धि भएको हो ।

जिल्लास्थित परियोजना कार्यान्वयन इकाईकी सूचना अधिकारी रीतु धामीका अनुसार कार्यक्रम सञ्चालित क्षेत्रमा गहुँको उत्पादकत्व दुई दशमलव नौ मेट्रिकटन प्रतिहेक्टरबाट वृद्धि भई हाल चार दशमलव चार, तोरीको शून्य दशमलव नौबाट वृद्धि भई एक दशमलव पाँच र धानको उत्पादकत्व तीन दशमलव ४७ बाट वृद्धि भई पाँच दशमलव २७ मेट्रिकटन प्रतिहेक्टर पुगेको छ ।

लागत घटाएर कृषिमा आधुनिकीकरण गर्दै उत्पादकत्व बढाउने उद्देश्यले सञ्चालित परियोजनाअन्तर्गत जिल्लामा 'गहुँ सुपरजोन' आव २०७३/७४, 'तेलहन जोन' आव २०७४/७५ र 'धान जोन' आव २०७८/७९ देखि सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । हाल 'गहुँ सुपरजोन' तीन हजार हेक्टर,'तेलहन जोन' एक हजार पाँच सय हेक्टर र 'धान जोन' आठ सय हेक्टर क्षेत्रफलमा सञ्चालित छ । परियोजनाले ५० प्रतिशत अनुदानमा बीउ, विषादी, आवश्यक कृषियन्त्र उपकरण वितरण गर्नुका साथै प्राविधिक सहयोग गरिएको उहाँले बताउनुभयो ।

चालु आवमा तीन वटै जोनमा आठ हजार नौ सय ३५ किसान आवद्ध रहेका सूचना अधिकारी धामीले जानकारी दिनुभयो । उहाँका अनुसार 'गहुँ सुपरजोन' जिल्लाको कैलारी गाउँपालिका, गौरीगङ्गा र घोडाघोडी नगरपालिकाका विभिन्न १८ वडामा, 'तेलहन जोन' जानकी, जोशीपुर गाउँपालिका, भजनी, घोडाघोडी नगरपालिका र बर्दगोरिया गाउँपालिकाका विभिन्न २९ वडामा र 'धान जोन' जोशीपुर गाउँपालिका, भजनी नगरपालिका र जानकी गाउँपालिकाका विभिन्न नौ वटा वडामा सञ्चालनमा छन् ।रासस

# सुनसरीमा आँप उत्पादन घट्यो



सुनसरी । जिल्लामा यस वर्ष आँपको उत्पादनमा कमी आउँदा मूल्य बढेको छ । हुरीबतास र कीराले क्षति पुर्याएको कारण गत वर्षका तुलनामा यस वर्ष आँपको उत्पादनमा कमी आएको जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रविनलाल श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, " कीराको जोखिम र हुरीबतासका कारण गत वर्षभन्दा यस वर्ष उत्पादन कम भएको हो ।

उत्पादन कम भएसँगै मूल्यवृद्धि भएको छ । खुद्रा प्रतिकेजी रु ५५ सम्ममा बिक्री हुने आँप अहिले प्रतिकेजी रु ८० देखि १०० सम्ममा बिक्री हुने गरेको छ ।" गत वर्ष प्रतिकिलो रु ५० भन्दा कममै आँप बिक्री भएको उहाँले बताउनुभयो ।

केन्द्रका अनुसार जिल्लामा यस वर्ष एक हजार एक सय २४ हेक्टर क्षेत्रफलमा सात हजार एक सय ८६ मेट्रिक टन आँप उत्पादन भएको छ। गत वर्ष एक हजार एक सय २४ हेक्टरमा सात हजार पाँच सय ६५ मेट्रिक टन उत्पादन भएको थियो । जिल्लाको इनरुवा, नसिङ, हरिनगरा, बक्लौरी, गौतमपुर, प्रकाशपुर, भोक्राहालगायत ठाउँ आँप 'पकेट' क्षेत्र हुन् ।

अहिले बजारमा माल्दा, आम्रपाली, कलकत्तिया, बम्बई, कृष्णभोगलगायत आँप बिक्री हुने गरेको छ ।

जिल्लामा व्यावसायिक रूपमा किसानले आँपखेती नगरे पनि पछिल्लो समय आँप उत्पादन घट्दै गएको सूचना अधिकृत श्रेष्ठले बताउनुभयो । आँपको एक वर्ष राम्रो फल लाग्ने र अर्को वर्ष फल कम लाग्ने भएकाले पनि उत्पादनमा कमी आएको जनाइएको छ ।रासस

# व्यवसायीलाई करको दायरामा ल्याउने अभियान

नवलपरासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिकाले नगर क्षेत्रभित्रका लघु, घरेलु तथा साना उद्योग, व्यापार तथा अन्य व्यवसायीलाई करको दायरामा ल्याउन अभियान सुरु गरेको छ । अभियानअन्तर्गत नगरपालिकाले नयाँ व्यवसाय दर्ता, नवीकरण र अनुगमनलाई तीव्रता दिइएको हो ।

चालु आर्थिक वर्षमा नगरका वडा नं १, २, ३, ५, ६ र १० मा व्यवसाय दर्ता तथा नवीकरण अभियान सञ्चालन गरिएको छ । छ वटा वडामा सञ्चालित व्यवसाय दर्ता अभियानका कारण हालसम्म पाँच सय ३४ व्यवसायको अनुगमन गरिएको बताउँदै नगरपालिकाका लेखा अधिकृत सञ्जयकुमार शर्माले एक सय ९४ नयाँ व्यवसाय दर्ता भएका जानकारी दिनुभयो । नविकरण र नयाँ दर्तासँगै दुई हजार दुई सय २९ व्यावसाय पुगेका छन् ।

यो अवधिमा गरिएको अनुगमन र दर्ताबाट रु १६ लाख ८१ हजार चार सय ४० राजस्व सङ्कलन गरिएको लेखा अधिकृत शर्माले जानकारी दिनुभयो । आगामी आवमा पनि अभियान सञ्चालन गरी व्यवसायीलाई करको दायरामा ल्याउने योजना नगरको रहेको छ ।

किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा रामग्राम नगरपालिकामा रहेका दुई स्वास्थ्य संस्थालाई किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ । विभिन्न ४५ वटा मापदण्ड निर्धारण गरिएकामा ८० प्रतिशत बढी सूचक पूरा भएपछि किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको हो ।

वडा नं १६ स्थित शुक्रौली स्वास्थ्यचौकी र वडा नं १४ स्थित अमरौट स्वास्थ्यचौकी किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको नगरप्रमुख धनपत यादवले जानकारी दिनुभयो । सबै उमेर समूहलाई विशिष्टीकृत सेवा दिने अवधारणाअनुरुप किशोरकिशोरीका लागि पनि मैत्रीपूर्ण सेवाको सुरुआत गरिएको उहाँले बताउनुभयो ।रासस


मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



मधेश सरकार

उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

भुमिगत, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

बिरगंज, पर्सा, नेपाल

## जनहितमा जारी सूचना

- शिवालिक–चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (River Linking Project ) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिने छ।
- सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्न किसान केन्द्रित कार्यक्रमको रूपमा आवश्यकता पहिचान गरी कार्यान्वयन गरिने छ।
- सतह सिंचाईमा पहुँच नभएका खेतीयोग्य जग्गाहरू तथा नगदेबाली सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा नविन प्रविधिमा आधारित सिंचाई कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge"अवधारणालाई नाराको रुपमा मूर्तरुप दिईभूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातकोपानी संकलन तथासंरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ।भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य(Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ ।
- "व्यवस्थित जलाधार समृद्धिको आधार" भन्ने मर्म अनुरुप माथिल्लो तथा तल्लो तटीयक्षेत्र अन्तरसम्बन्धको आधारमा चुरे भू–परिधिको प्रभावकारी संरक्षण गर्न सरोकारवालासंगको समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन मार्फत जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यहरु गरिनेछ। प्रदेश भित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी सङ्कलन तथा उत्खननका साथै क्रसर उद्योग समतेलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- सुख्खा ग्रस्त क्षेत्र घोषणा गरि आपतकालिन रुपमा वोरिङ्ग, डिप वोरिङ्ग, डिप टयुव वेल, स्यालो टयुववेल, सोलार पम्प सिंचाइ प्रविधी प्रयोग गरि सिंचाइ मांगलाई सम्बोधन गरिनेछ ।

# आर्थिक संकलन गर्ने अभियानमा राजेन्द्र महतो

टुडे समाचारदाता



जनकपुरधाम । राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्तिले आन्दोलन सञ्चालनका लागि कोष स्थापना गर्न १६ बुँदे कार्ययोजना सार्वजनिक गरेको छ।

यसका लागि राजेन्द महतोले आर्थिक संकलन अभियानलाई तीव्रता दिने भएको छ।

आर्थिक संकलनका लागि व्यापारी, साहु महाजन, ठेकेदार, उच्च पदस्थ कर्मचारीहरूको अभिलेख राखेर चन्दा उठाउनेदेखि परियोजनाहरू आफ्नो पक्षमा पार्नेसम्मको योजना राष्ट्रिय मुक्ति क्रान्तिले बनाएको जनाइएको छ।

आन्दोलनका लागि स्वेच्छिक सहयोग गर्ने व्यक्ति वा संस्थाहरूको पहिचान गरी अभिलेख तयार पार्ने र गोप्य तरिकाले सहयोग सङ्कलन गर्ने कार्ययोजनामा लेखिएको छ।

राष्ट्रिय मुक्ति क्रान्तिको आधार क्षेत्रमा रहेका व्यापारी, साहु-महाजन, ठेकेदार, उच्च पदस्थ कर्मचारीहरूको अभिलेख तयार पारी अति गोप्य तरिकाले सहयोग प्राप्त गर्ने कार्ययोजना बनाएको छ । जग्गा जमिनको व्यवसाय गर्ने व्यवसायीहरूको अभिलेख तयार गरी उनीहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने योजनासमेत उनले बनाएको छ।

आफ्नो आधार क्षेत्रमा पहिल्यै रहेका परियोजनाहरूमा नियमित सहयोगका निमित्त अनुरोध गर्ने, नयाँ प्रस्तावित परियोजनाहरूको सम्बन्धमा भने संयुक्त लगानी प्रस्ताव गर्ने र आफ्नो पक्षधर व्यवासायीहरूलाई दिलाउने कार्ययोजनामा लेखिएको छ।

अन्तर्राष्ट्रिय लगानी नीतिको अध्ययन गर्ने र लगानीकर्ताहरू तथा उनीहरूको स्थानीय एजेन्टसँग गोप्य सम्बन्ध विस्तार गर्ने कार्ययोजनामासमेत रहेको जनाएको छ। सरकारी वा निजी तहबाट हुने एफडीआई सम्बन्धी छलफल, परामर्श तथा मोलमोलाईमा संस्थागत सहभागिता गराउने वातावरण बनाउने उल्लेख गर्दै राष्ट्रिय मुक्ति क्रान्तिले विदेशमा रहेका सम्पर्क कमिटीहरूमार्फत एफडीआई भित्र्याउने योजना बुनेको छ।

सो कार्ययोजनामा 'समान-नेपाल'को आर्थिक अभियान अन्तर्गत प्रोजेक्टभित्रका ११ वटा विशेष क्षेत्रहरू अन्तर्गत साना/मध्यम/ठुला परियोजनाहरू विकास गरी अभियानलाई तीव्रता दिने र यो आफैं स्वायत्त रूपमा सञ्चालित हुने पनि कार्ययोजनामा जनाएको छ।

आर्थिक व्यूरो अन्तर्गत सहकारी विभागले माइक्रोक्रेडिटलाई व्यवस्थापन र प्रवर्द्धन गर्ने र हाल सञ्चालनमा रहेको सहकारीहरूलाई विभाग अन्तर्गत ल्याउने र नयाँ सहकारीहरू स्थापना गर्ने भएको छ।

सहकारीमार्फत ग्रामीण तथा सहरी क्षेत्रहरूमा 'एचटुएच' अवधारणा अन्तर्गत साना तथा मझौला व्यवसायहरू स्थापना गर्नुको साथै आर्थिक व्यूरोले यङ इण्डिजीनिष्ट लिग (वाईआइएल) र आत्मारक्षा बलसँग समन्वय गरी आर्थिक योजनाहरू कार्यान्वयन गर्ने भएको छ।

आइपीओ, एनजीओ तथा आइएनजीओ, सीबीओ, सीजीसँग समन्वय गर्ने तथा सार्वजनिक, निजी र सहकारीबिच साझेदारी गर्दै राष्ट्रिय तथा अन्तर ाष्ट्रिय तहमा वैकल्पिक आर्थिक सञ्जाल र बजार विस्तार गर्ने जनाएको छ।

# संविधान संशोधन : सत्ता समीकरणको ललिपप

ब्लग :



श्यामसुन्दर शशि

दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीच बनेको नयाँ सत्ता समीकरणका शीर्ष नेताहरुले निर्वाचन प्रणालीसंग सम्बन्धित केही विषयमा संविधान संशोधन गरी मुलुकमा स्थायी सरकार बनाउन मार्ग प्रशस्त गर्ने उद्घोष गरेका छन् । यद्यपि कांग्रेस-एमालेबीचको अमूर्त सम्झौता गोप्य छ । कुन विषयमा संविधान संशोधन गर्ने, संविधान संशोधनका लागि आवश्यक दुई तिहाई बहुमत कसरी व्यवस्थापन गर्ने तथा राष्ट्रिय सरकारको मोडल लगायतका विषयमा गठबन्धनसंग सम्बद्ध शीर्ष नेताहरुले केही बोलेका छैनन् ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालले नयाँ गठबन्ठनलाई सघाउने घोषणा गरेको छ । प्रचण्ड सरकारका झण्डा फहराउँदै हिड्ने अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले पनि कांग्रेस-एमाले गठबन्धनलाई सघाउने उद्घोष गरेको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई निरन्तरता दिए, नयाँ गठबन्धनलाई सघाउने सिके राउत नेतृत्वको जनमत पार्टीले पनि उद्घोष गरिसकेको छ।

संविधान जारी हुने बेला देखि नै संविधान संशोधनको राग अलाप्दै आएका मधेश केन्द्रित दलका नेताहरुका लागि रणनीतिक हिसाबले यो स्वर्णिम अवसर हो । प्रदेशको अधिकार, प्रादेशिक प्रहरी र निजामति कर्मचारी, शिक्षा, स्वास्थ्य, जनसंख्याको आधारमा जनप्रतिनिधित्व, पूर्ण समावेशी र समानुपातिक कानूनलगायतका विषयमा आवश्यकता अनुसार संविधान संशोधन वा कानुन निर्माण गर्न/गराउन राष्ट्रिय भनिएको अब बन्ने सरकारमा मधेश केन्द्रित दलहरुको सहभागिता ठूलो अवसर हुन सक्छ, तर सम्बद्ध नेताहरुले यस विषयमा एक शब्द बोलेका छैनन् । जनमत मधेश सरकार बचाउन खोजेको छ भन्ने अन्य दलका नेताहरु मन्त्री खान नयाँ गठबन्धनको सहयात्री बन्न खोज्दै छन् ।

विभिन्न स्रोतहरुबाट प्राप्त जानकारी अनुसार, कांग्रेस-एमाले गठबन्धन प्रदेशबाट समानुपातिक निर्वाचन हटाउँन खोज्दैछ। प्रतिनिधि सभाका ११० समानुपातिक सांसदलाई राष्ट्रिय सभामा व्यवस्थापन गर्न चाहेको छ । कथंकदाचित समानुपातिक निर्वाचन प्रणाली हटाइयो भन्ने संघ र प्रदेश दुबै सदनमा मधेशी, महिला, अल्पसंख्यक, दलित आदिको प्रतिनिधित्व स्वाट्टै घटने छ। जो संविधानको मर्म विपरित हुने छ । यस विषयमा नागरिक समाजको चासो सार्वजनिक भए पनि मधेश केन्द्रित दलका नेताहरुको चासो भने सार्वजनिक भएको छैन।

हामी सबैलाई थाहा छ, संविधान संशोधनका लागि प्रतिनिधि सभा र राष्ट्रिय सभामा दुई तिहाइ मत आवश्यक पर्छ। अर्थात् प्रतिनिधिसभाका २७५ मध्ये कम्तीमा १८४ सांसद संख्या तथा ५९ सदस्यीय राष्ट्रिय सभामा कम्तीमा ४० मत आवश्यक पर्छ। प्रतिनिधि सभामा कांग्रेस र एमालेका सांसदहरुको संख्या १६७ छन् । एमालेका टोपबहादुर रायमाझी निलम्बित छन् र सभामुख देवराज घिमिरेले मत बराबरीको अवस्थामा मात्र मतदान गर्न पाउने छन्। यसो भनौं भने दुई दललाई दुई तिहाइका लागि थप १८ सांसदको साथ जुटाउनु पर्नेछ। राप्रपा- १४, जनमत-६, जनता समाजवादी, नेपाल-५, लोकतान्त्रिक समाजवादी पार्टी-५ तथाअशोक राई नेतृत्वको जसपा-७ लाई साथ लिँदा थप ३७ मत प्राप्त भई गठबन्धनको दुई तिहाई पुग्छ।



तर, राष्ट्रिय सभाको अंकगणित भने नयाँ गठबन्धनको लागि त्यति अनुकूल छैन। ५९ सदस्यीय राष्ट्रिय सभामा कम्तीमा ४० मत आवश्यक पर्छ। राष्ट्रिय सभामा माओवादी एक्लैका १७ सांसद छन् भने कांग्रेसका १६ र एमालेका १० गरी कुल २६ सांसद छन्। जसपा नेपालका ३ र लोसपाका १ गरी ४ जोड्दा पनि ३० मात्र पुग्छन् । जबकी संविधान संशोधन गर्न ४० सांसद चाहिन्छ । राष्ट्रिय सभामा एकीकृत समाजवादीका ८, जनमोर्चाका १ र ३ मनोनीत सांसद छन्। कांग्रेस र एमालेलाई राष्ट्रिय सभामा दुई तिहाइ पुऱ्याउन एकीकृत समाजवादीसंगै जनमोर्चा र मनोनीत सांसदको पनि साथ चाहिन्छ। एकिकृत समाजवादी पार्टीले प्रचण्ड नेतृत्वको वर्तमान सरकारलाई विश्वासको मत दिने घोषणा गरी सकेको अवस्थामा राष्ट्रिय सभामा संविधान संशोधन प्रयोजनको लागि यस पार्टीको सहयोगको अपेक्षा गर्नु स्वैर कल्पणा मात्र हुन सक्छ।

संविधान जारी गर्ने बेलाको वस्तु स्थिती तथा दुबै सदनमा व्याप्त सांसदहरुको अंक गणितको आलोकमा के भन्न सकिन्छ भने, कांग्रेस र एमालेको नेतृत्वमा संविधान संशोधन संभव छैन । राष्ट्रिय सरकारको हल्ला पनि जनता झुक्याउने मेसो मात्र हो। संघीय संरचना हटाउँनु पर्ने एजेण्डा बोकेको राष्ट्रिय स्वतन्त्र पार्टी, संवैधानिक राजतन्त्रको पक्षमातथा संघीयता र धर्म निरपेक्षताको विरोधमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका दलहरुको साथ सहयोगमा राष्ट्रिय सरकार गठन भयो भने समानुपातिक प्रतिनिधित्व, संघीयता तथा धर्म निरपेक्षता शंकटमा पर्ने प्रष्टै छ। अतः मधेश केन्द्रित दलहरुका लागि यो स्वर्णिम अवसर हो । पद भन्दा पनि संघीयता सवल बनाउन तथा मधेशी, आदिवासी जनजाति, महिला, अल्प संख्यक वर्गलाई अधिकार सम्पन्न बनाउन नयाँ गठबन्धनलाई रणनीतिक प्रयोग गर्न सक्नु पर्दछ।

# नहरमा खसेका मजदुर बेपत्ता

टुडे समाचारदाता

राजविराज। सप्तरीमा नहर किनारमै रहेको विद्युतीय पोलमा काम गरिरहँदा चिप्लिएर नहरमा खसेर एक मजदुर बेपत्ता भएका छन्।

सप्तरीको महादेवा गाउँपालिका- ३ स्थित बथनाहाका २२ वर्षीय मजदुर प्रदीप यादव शुक्रबार काम गरिरहेकै अवस्थामा चिप्लिएर नहरमा खसेर बेपत्ता भएका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक ढुण्डिराज



नेउपानेका अनुसार महादेवा गाउँपालिकास्थित कोशी पश्चिमी नहर किनारमा विद्युतीय पोलमा तार जडान गर्ने क्रममा अचानक चिप्लिएर उनी नहरमा खसेका थिए। नहरमा पानीको तीव्र प्रवाहले उनलाई बगाएको आशंका गरिएको छ।

रमा डुबेर बेपत्ता भएका उनको नेपाल र सशस्त्र प्रहरीको गोताखोर टोलीद्वारा खोजी कार्य गरिरहे पनि अहिलेसम्म फेला नपरेको उनको भनाइ छ।

थानीयले बेपत्ता यादवको खोजी कार्य तीव्र बनाउनुका साथै वर्षा भइरहेका बेला जोखिमयुक्त स्थानमा काम लगाउने व्यक्ति वा निकाय बारे छानबिन गरी दोषिमाथी कारबाहीको माग समेत गरेका छन्।

# प्रशासकीय अधिकृतसहित एक दर्जन बढीमाथि भ्रष्टाचार मुद्दा

टुडे समाचारदाता




जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको मिथिला बिहारी नगरपालिका र सिरहको नवराजपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित १३ जना विरुद्ध अलग अलग मुद्दा दायर गरेको छ।

आयोगले मिथिला बिहारी नगरपालिका- ९ को श्री आधार भूत विद्यालय र रामजानकी प्राथमिक विद्यालयमा विद्यार्थी सिकाई अभिवृद्धि कार्यक्रमको भुक्तानी दिँदा अनियमितता गरेको आरोपमा प्रमुख प्रशासकीय अधिकृत रामदरश यादव, लेखापाल सुभाष कुमार झा, जिन्सी शाखाका खरिदार उपेन्द्र यादव र मजदुर होजीयारी उद्योगका प्रोप्राइटर रामसुन्दर साह तेली विरुद्ध विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरिएको जनाएको छ।

उनीहरु विरुद्ध ५ लाख ३४ हजार ७ सय १० रुपैयाँ विगो दाबी गर्दै कैद र जरिवानाको सजाय गरी बिगो माग दाबीसहित मुद्दा दायर भएको आयोगका सहसचिव एवम् प्रवक्ता नरहरि घिमिरेले बताए।

त्यस्तै सिरहाको नवराजपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतसहित ८ जनाविरुद्ध मुद्दा दायर भएको छ।

आयोगलेग्राभेलनिर्माणकार्यमा अनियमितता गरेको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैत, इन्जिनियर, वडा अध्यक्षसमेत ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

१२ लाख ७ हजार २६० रुपैयाँ बिगो कायम गर्दै कैद र बिगो बमोजिम जरिबाना सजाय माग दाबी गरेर मुद्दा दायर गरिएको आयोगका प्रवक्ता घिमिरेले बताए।

# फरार पाँच जना प्रतिवादी पक्राउ

टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा फरार अभियुक्तलाई पक्राउ गर्न अभियान नै चलाएको सर्लाही प्रहरीले पाँच जना प्रतिवादीलाई पक्राउ गरेको छ।

सर्लाही जिल्ला अदालतबाट विभिन्न समयमा भएका फैसला कार्यान्वयन गर्ने सिलसिलामा




जिल्ला प्रहरी तथा मातहतको इलाका प्रहरी कार्यालय हरिपुरबाट खटिएको प्रहरी टोलीले पाँचजना अभियुक्तलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा लेनदेन मुद्दामा ६८ रुपैयाँ ८८ पैसा जरिवाना तोकिएका व्यक्तिदेखि २ लाख ५० हजार रुपैयाँ धरौटी तोकिएका अभियुक्तसम्म छन्।

उनीहरु जरिवाना र धरौटी रकम बुझाएर छुटेका छन् । मुद्रा सम्बन्धी कसुर लागेका बलरा नगरपालिका ८ बस्ने हरिचन साह भने पुर्पक्षमा कारागार चलान भएका छन्। यसअघि इलाका प्रहरी कार्यालय बरहथवाले १७ जना अभियुक्तलाई पक्राउ गरी सर्लाही जिल्ला अदालतमा पेस गरेको थियो।

अदालतबाट सजाय तोकिएर लुकिछिपी बसिरहेकाहरुलाई धमाधम पक्राउ गरी अदालतमा उपस्थित गराइरहेको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए।

# बेपत्ता रवीन्द्रको पारिवारिक पुनर्मिलन

टुडे समाचारदाता



वीरगञ्ज । भारत झारखण्डस्थित नूरीडिह गाउँका ३२ वर्षीय रवीन्द्र लोहरा ४ वर्षपछि घर फर्किएका छन्। वीरगञ्जस्थित मानव सेवा आश्रममा ५ महिना यता आश्रित उनलाई आश्रमका संरक्षक प्रकाश थारु र केन्द्रीय सदस्य देवेश प्रसाद गुप्ताले बिहीबार घरमै पुगेर आफन्तको जिम्मा लगाई पारिवारिक पुनर्मिलन गराएका छन् ।

मानसिक सन्तुलन बिग्रिएर ४ वर्षअघि उनी घरबाट हिँडेका थिए । उनी भौतारिँदै वीरगञ्ज आएका थिए । वीरगञ्जस्थित जिल्ला हुलाक कार्यालय अगाडिको नालामा लडेको अवस्थामा आश्रमको टोलीले २०८० फागुन २६ गते उनको उद्धार गरेको थियो।

त्यसपछि आश्रम वीरगञ्ज शाखामा नियमित औषधोपचार तथा सेवा टहलको कारण हाल उनी पूर्णरुपमा स्वस्थ भइ आफ्नो ठेगाना, घर परिवारको बारेमा समेत जानकारी गराउन थालेपछि आश्रम व्यवस्थापनले उनलाई आफन्तसँग सम्पर्क गरेर पुनर्मिलन गराएको छ।

बिहीबार साँझ बुवा जागरण लोहरा, आमा प्रमिला देवी र भाई प्रकाश लोहरालाई ४ वर्ष पछि भेट्दा रविन्द्रले आफूलाई थाम्न सकेनन् । उनी र उनका परिवारजनबीच लामो समय रुवाबासी पनि चलेको थियो । थारुले भने, '४ वर्ष पछि छोरालाई भेट्दा रवीन्द्रका आमा बुवा र भाई भाव बिभोर भएका थिए ।' थारुले अघि थप्दैं भने, 'रवीन्द्रले आफूले नयाँ जीवन पाएको र घर पुगेर परिवारजन भेट्दा खुसी थाम्न सकेनन्।'

Janaki Medical College Teaching Hospital
Ramdaiya Bhawadi, Janakpurdham
VACANCY ANNOUNCEMENT
Qualified candidates are invited to apply for the following positions in the Clinical and Basic Science faculties (All Departments). We request to send their CV and required documents within 5 days.

- Professor
- Associate Professor
- AssistanceProfessor
- Lecturer



For further information:
Human Resources Department
Janaki Medical College Teaching Hospital
Ph : 986014474, 9844494574
email : janakihrd.jmc@gmail.com

# एक सातादेखि बालिका बेपत्ता

टुडे समाचारदाता

बर्दिबास। महोत्तरीको गौशाला नगरपालिकामा एका सातादेखि बालिका बेपत्ता भएकी छन्।

बिहीबार गौशाला बजारमा किनमेल गर्न गएको बेला स्थानीय कृति कुमारी महतो बेपत्ता भएकी छन्।

गौशाला- २ स्थित निगौलकी महतो र सोही वडाकी १९ वर्षीय आकाश कुशवाहा एकैदिन बेपत्ता भएपछि बालिकाको परिवारले कुशवाहाले नै बेपत्ता बनाएको हुन सक्ने आशंका गरेको छ।

यसैको आधारमा कुशवाहामाथि बेपत्ता बालिकाको परिवारले किटानी जाहेरीसमेत स्थानीय प्रहरीमा दिएको छ।

बालिका कहाँ छिन् भन्ने विषयमा मोबाइल फोनसमेत प्रहरीले ट्याकिङ्ग गरेको छ। ट्याकिङ्गको आधारमा ठाउँ पहिचान गर्दा बालिका बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीलाई जाहेरी दिएको पाँच दिन बितिसक्दा पनि खोजी कार्यमा सुस्तता देखिएको भन्दै आफन्तजनले गुनासो गरेका छन्। यता प्रहरीले भने खोजी कार्यलाई तीव्रता दिएको छ।

ईलाका प्रहरी कार्यालय गौशालाका कार्यालय प्रमुख सुर्य वहादुर राणाले मोबाइल फोन ट्र्याकिङ्ग गरेर थप खोजी कार्य भइरहेको बताए।

# सजाय माफी पाएका कापर पुनः पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैदको सजाय माफी भएर २०७९ को संविधान दिवसमा छुटेका शशीशंकर कापरलाई प्रहरीले पुनः पक्राउ गरेको छ।

एक व्यक्तिलाई गोली प्रहार गरी लुटपाट गर्ने संगठित अपराधको योजनाकार रहेको भन्दै प्रहरीले उनलाई पुनः पक्राउ गरेको छ।

धनुषाको सबैला नगरपालिका-९ का शशी शंकर कापरलाई धनुषा प्रहरीले पक्राउ गरेको छ। उनी असल चालचलन रहेको भन्दै २०७९ को संविधान दिवसमा सजाय माफी पाएर छुटेका




थिए । उनको जन्मकैद सजायमध्ये ११ वर्ष ७ महिना जेल सजाय मिनाहा नै भएको थियो। तर सजाय मिनाहा पाएर छुटेको दुई वर्ष नपुग्दै उनी संगठित अपराधको योजनाकारको आरोपमा पक्राउ परेका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८